मधुमेह (डायबिटिज) रोगबाट बचौं

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,
- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं। नेपाल सरकार विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
खवप कलेज
त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

चारवर्षे स्नातक तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना

शैक्षिक सत्र २०८३/८४ को लागि BBM, BBS, BA, BA Social Work, BSc Physics, BSc Envt. Science र B.Ed. मा अनलाइन भर्ना आवेदन फाराम वितरण भइरहेको छ ।

अनलाइन फाराम भर्नाको लागि लिङ्क https://bit.ly/khwopacollege.bachelor.admissionform मा गई वा QR Code Scan गरी दिइएको निर्देशनबमोजिम गर्नुहुन अनुरोध छ। भर्ना फाराम र प्रवेश परीक्षा शुल्क रू. ५००।- लाग्नेछ ।

**प्रवेश परीक्षा**
**मिति** : २०८३ असार २७ गते, शनिबार
**समय** : बिहान ८:०० बजे
**स्थान** : ख्वप कलेज, देकोचा
**फोन नं.** : ६६१६०१८

भर्ना फारामको QR Code

www.khwopacollege.edu.np

★ वर्ष : २८ ★ अङ्क : १५५ ★ ने. सं. ११४६ तछला थ्व, त्रयोदशी ★ शनिबार ★ १३ असार, २०८३ ★ June 27, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## जुनसुकै पेशा अपनाए पनि पेशाप्रति इमानदारिता निर्वाह गर्नुपर्ने



भक्तपुर, १२ असार । भक्तपुरका सार्वजनिक मा.वि.हरूको संयुक्त परीक्षा समितिले एसईई २०८२ को नतिजामा ३.६ भन्दा बढी जीपीए हासिल गरेका विद्यार्थीहरू र शतप्रतिशत विद्यार्थी उत्तीर्ण गर्न सफल विद्यालयको सम्मान गरेको छ । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले विद्यार्थीहरूलाई बधाई एवं शुभकामना दिँदै आगामी दिन जुनसुकै विषय लिएर पढे पनि गहन अध्ययन गर्न सुझाव दिनुभयो ।

गुणस्तरीय शिक्षाको लागि परीक्षाको मर्यादा कायम गर्नुपर्नेमा जोड दिँदै उहाँले परीक्षा भरपर्दो र विश्वसिलो हुनुपर्नेमा समितिले ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

परिस्थितिले मानिसको चाहना पनि फेर्न सक्ने चर्चा गर्दै उहाँले लेनिनको चाहना पत्रकार, माओको चाहना शिक्षक भए पनि देशको परिस्थितिले उहाँहरूलाई नेता बनाएको उदाहरण दिनुभयो । उहाँले भन्नुभयो, "परिस्थितिअनुसार जोसुकैले जेसुकै पेशा अपनाए पनि सबभन्दा मुख्य कुरा इमानदारी हुनुपर्छ ।"

मिलेर काम गर्ने सहकार्य संस्कार राम्रो भए पनि कहिलेकाहीँ सबैतिर सबैसँग मिलेर जान नसकिने पनि हुँदो रहेछ भन्दै उहाँले रवीन्द्रनाथ ठाकुरको एक्लै अघि बढ्ने भावको कवितांश सुनाउनुभयो ।

एक अर्को प्रसङ्गमा उहाँले राज्य र राष्ट्रको अर्थ एउटै होइन भन्ने कुरा पढेलेखेका बुद्धिजीवीहरूकै माझमा पनि भ्रम देखिन्छ भन्दै राष्ट्र जाति विशेषसँग सम्बन्धित भएकाले आफू राष्ट्रवादी नभई देशभक्त भएको प्रस्ट पार्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले विद्यार्थीको उच्च ग्रेडअनुसार संस्कार पनि उच्च हुनुपर्नेमा जोड दिँदै न्यून ग्रेड र फरक विषय लिई अध्ययन गर्ने अरू विद्यार्थीको पनि उच्च सम्मान गर्न जान्नुपर्छ भन्नुभयो ।

उच्च ग्रेडका विद्यार्थीको रोजाइ शिक्षा विषय किन नभएको भन्नेबारे चर्चा गर्दै उहाँले हालसम्मका कुनै पनि सरकारले शिक्षालाई प्राथमिकता नदिएको बताउनुभयो । उहाँले भन्नुभयो, "रास्वपाको निर्वाचन वाचा पत्रमा 'आगामी दुई दशकसम्म शिक्षामा उच्च लगानी वृद्धि गर्ने' कुरा उल्लेख छ तर चालु आ.व.मा १०.७५ प्रतिशत शिक्षामा लगानी भइरहेकोमा आगामी आ.व.मा. शिक्षाको लागि १०.२८ प्रतिशत मात्र छुट्याएको छ । यसबाटै

बाँकी पृष्ठ ८ मा

## प्रजग कोरियाले क्षेप्यास्त्र र ड्रोन रक्षा प्रणाली सुदृढ गर्ने



प्योङयाङ, १२ असार (केसीएनए) । प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका सर्वोच्च नेता किम जोङ उनले देशको सैन्य क्षमतालाई अझ आक्रामक र सुदृढ बनाउने आह्वान गर्नुभएको छ । अमेरिकी र दक्षिण कोरियाबाट उत्पन्न बढ्दो सुरक्षा चुनौतीको सामना गर्न आफ्नो क्षेप्यास्त्र र ड्रोन युद्ध क्षमता व्यापक रूपमा विस्तार गर्ने योजना सार्वजनिक गरेको छ । यससँगै कोरियाली प्राय:द्वीपमा सैन्य तनाव थप चर्किने सङ्केत देखिएको छ ।

राज्य सञ्चारमाध्यम केसीएनएका अनुसार किमले बिहीबार विभिन्न हतियार परीक्षणको अवलोकन गर्दै सेनाको 'घातक र विनाशकारी आक्रामक क्षमता' सुदृढ बनाउन निर्देशन दिनुभएको हो ।

नेता किमले अवलोकन गर्नुभएको परीक्षणमा रणनीतिक ब्यालेस्टिक क्षेप्यास्त्रका लागि विशेष वारहेड, उन्नत बहु-रकेट प्रक्षेपण प्रणाली तथा स्वचालित होवित्जरका लामो दूरीका गोलाहरूको प्रहार क्षमता परीक्षण गरिएको छ। परीक्षणले दक्षिणी सीमावर्ती क्षेत्रमा प्रजग कोरियाको आक्रमण क्षमता बढेको देखाएको दाबी गरिएको छ ।

सर्वोच्च नेता किमले कुनै पनि शत्रुले आक्रमण गर्ने साहस नगर्ने गरी सेनाको आक्रामक क्षमता विकास गर्नुपर्ने बताउनुभएको छ । उहाँले शत्रु पक्षलाई निरन्तर भय र असुरक्षाको अवस्थामा राख्नु युद्ध रोकथामको महत्त्वपूर्ण उपाय भएको धारणा व्यक्त गर्नुभएको छ ।

परीक्षण गरिएको विशेष वारहेड शत्रुको हवाई क्षेत्र, बन्दरगाह तथा ऊर्जा पूर्वाधारजस्ता महत्त्वपूर्ण संरचनालाई लक्षित गरी ठुलो क्षति पुऱ्याउन सक्षम रहेको कोरियाली जनसेनाले जनाएको छ ।

यसैबिच दक्षिण कोरियाको रक्षा मन्त्रालयले उत्तर कोरियाबाट सैन्य चुनौती बढेको भन्दै आफ्नो पनि ड्रोन क्षमता विस्तार गर्ने योजना सार्वजनिक गरेको छ । योजनाअन्तर्गत लामो दूरीका विस्फोटक ड्रोन विकास गर्ने, २० हजारभन्दा बढी कम लागतका निगरानी तथा आक्रमण ड्रोन खरिद गर्ने तथा करिब पाँच लाख सैनिकलाई 'ड्रोन योद्धा' का रूपमा तालिम दिने लक्ष्य राखिएको छ ।

सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भएको उच्चस्तरीय वार्ता असफल भएपछि प्रजग कोरियाले आणविक तथा क्षेप्यास्त्र कार्यक्रमलाई तीव्रता दिएको छ । त्यसयता किमले आधुनिक परम्परागत हतियार विकासलाई पनि उत्तिकै महत्त्व दिँदै आउनुभएको छ ।

यसै साता प्रजग कोरियाले पाँच हजार टन क्षमताको नयाँ विध्वंसक युद्धपोतलाई औपचारिक रूपमा सेवामा समावेश गरेको थियो । किमले उक्त युद्धपोतलाई देशको बढ्दो नौसैनिक तथा आणविक क्षमताको प्रतीकका रूपमा व्याख्या गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले पटक-पटक वार्ताको प्रस्ताव गरे पनि किमले प्रजग कोरियाको आणविक नि:शस्त्रीकरणलाई पूर्वसर्त बनाउने नीति त्यागिएमा मात्र वार्ता सम्भव हुने सङ्केत गर्नुभएको

बाँकी पृष्ठ ८ मा

## भक्तपुर नपाको नगरसभा चालु : बजेटमाथि छलफल




भक्तपुर, १२ असार । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको बीसौँ नगरसभाको बैठक शुक्रबार पनि चालु रह्यो । उक्त बैठकमा भक्तपुर नपाको आ.व. २०८३/८४ को बजेटमाथि छलफल भयो ।

शुक्रबारको बैठकमा भक्तपुर नगरपालिकाको आ.व. २०८३/८४ को बजेटमाथि भएको दफावार छलफलमा सभासद्हरू हरिरत्न गोर्खाली, सिद्धिराम अवाल, इन्द्रबहादुर प्याठ, श्यामसुन्दर मातां, पुरुषोत्तम तमखू, नारायणप्रसाद त्वानाबासु र रामसुन्दर बासीले प्रस्तावित कर तथा दस्तुरमा पुल हाउसलाई करको दायरामा ल्याउनुको सट्टा पूर्ण रूपमा बन्द गराउनुपर्ने, सफाइ शुल्क वृद्धि गरी शुल्क सङ्कलनका लागि अनलाइन वा घरदैलोमार्फत सङ्कलन गर्ने व्यवस्था गर्नुपर्ने, आदर निकेतनको शुल्क समयसापेक्ष बनाउन ध्यान दिनुपर्ने, ब्रह्मायणी मन्दिरलाई मौलिक शैलीमै पुन:निर्माण गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्ने, अस्पताल तथा विद्यालय परिसरमा ट्राफिक बत्ती (ट्राफिक लाइट) जडान गर्नुपर्ने, व्यवस्थित वधशाला निर्माणका लागि बजेट व्यवस्था गर्नुपर्ने, कृषि अनुसन्धान केन्द्र स्थापना तथा निर्माणका लागि बजेट छुट्याउनुपर्ने, प्रदेश सरकारबाट प्राप्त हुने बजेटको पूर्ण रूपमा सदुपयोग सुनिश्चित गर्नुपर्ने, जग्गा खरिद शीर्षकमा विनियोजित बजेट न्यून भएकाले बजेट वृद्धि गर्नुपर्ने, स्वास्थ्य केन्द्रहरूमा छुट्टाछुट्टै बजेट

बाँकी पृष्ठ ८ मा

## व्यङ्ग्यचित्र कुनो



# इतिहास, संस्कृति र पहिचानलाई दस्तावेजीकरण गर्ने
# ‘ताथली : भूगोलदेखि लोकसंस्कृतिसम्म’ पुस्तक विमोचन




भक्तपुर, असार १२। चाँगुनारायण नगरपालिका-९ ताथलीको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक तथा सामाजिक जीवनका विविध आयामलाई समेटिएको अनुसन्धानमूलक कृति ‘ताथली : भूगोलदेखि लोकसंस्कृतिसम्म’ को विमोचन तथा परिचर्चा कार्यक्रम सम्पन्न भएको छ। स्थानीय इतिहास, भूगोल, लोकसंस्कृति, जात्रा-पर्व, मूर्त तथा अमूर्त सम्पदा, परम्परा, जनजीवन र मौलिक पहिचानलाई समेटेर तयार पारिएको उक्त पुस्तकलाई ताथलीको समग्र परिचय दिने महत्त्वपूर्ण दस्तावेजका रूपमा लिइएको छ।

चाँगुनारायण नगरपालिका-९ वडा कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमअन्तर्गत प्रकाशित पुस्तकको विमोचन कार्यक्रम वडासदस्य रविन बासुकलाको सभापतित्वमा सम्पन्न भएको थियो।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य तथा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईंले इतिहास र संस्कृतिबिनाको समाजको पहिचान कमजोर हुने भएकोले स्थानीय इतिहासको खोज, अध्ययन र अभिलेखीकरणलाई निरन्तरता दिनुपर्ने बताउनुभयो। उहाँले स्थानीय तहले आफ्नै इतिहास, संस्कृति र सम्पदालाई पुस्तकका रूपमा प्रकाशन गर्नु अत्यन्तै सकारात्मक र अनुकरणीय कार्य भएको उल्लेख गर्दै यस्ता कृतिले नयाँ पुस्तामा आफ्नो गाउँप्रतिको अपनत्व र गौरवबोध विकास गर्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले कला संस्कृतिका साथै देशको सार्वभौमसत्ता नै देशको प्राण भएको उल्लेख गर्दै कला, संस्कृति र सभ्यतामाथि आक्रमण गर्ने तत्त्वहरूको पहिचान गरी नयाँ पुस्तालाई सङ्घर्षशील बनाउनुपर्नेमा जोड दिनुभयो।

विशेष अतिथि साहित्यकार तथा संस्कृतिकर्मी सूर्यप्रसाद लाकोजुले ताथली ऐतिहासिक र सांस्कृतिक दृष्टिले निकै समृद्ध क्षेत्र भए पनि यससम्बन्धी सामग्री छरिएर रहेको अवस्थामा यस पुस्तकले ती विषयलाई एकीकृत रूपमा प्रस्तुत गरेको बताउनुभयो। उहाँले मौखिक परम्परामा सीमित हुँदै आएका धेरै विषयलाई पुस्तकले स्थायी अभिलेखका रूपमा सुरक्षित गरेको उल्लेख गर्नुभयो। उनले भक्तपुरको इतिहास लेखनमा ताथलीमा भेटिएका अभिलेखहरू अत्यन्तै महत्त्वपूर्ण भएको चर्चा गर्दै त्यसको संरक्षण र प्रवर्द्धनका लागि लेखकले खेलेको भूमिका उदाहरणीय भएको बताउनुभयो।

अनुसन्धाता तथा लेखक केदारबहादुर थापाले स्थानीय इतिहास लेखन अत्यन्तै कठिन र धैर्यपूर्ण अनुसन्धानको विषय भएको बताउँदै लेखकले पुराना अभिलेख, स्थानीय जनश्रुति, धार्मिक परम्परा, पुरातात्त्विक प्रमाण तथा समुदायका अग्रज व्यक्तिहरूसँगको संवादका आधारमा सामग्री सङ्कलन गरेको चर्चा गर्नुभयो। उहाँका अनुसार यस्ता पुस्तक भविष्यका अनुसन्धानकर्ता, विद्यार्थी तथा इतिहास अध्ययन गर्नेहरूको लागि भरपर्दो सन्दर्भ सामग्री बन्नेछन्।

आर्किटेक्ट एवं शोधार्थी सिर्जना प्रजापतिले ताथलीमा रहेका मठमन्दिर, पाटीपौवा, शिलालेख, मूर्तिकला, परम्परागत बस्ती र सांस्कृतिक सम्पदाको संरक्षणका लागि यस्ता अनुसन्धानमूलक प्रकाशन अपरिहार्य भएको बताउनुभयो। उहाँले विकास निर्माणको क्रममा सम्पदाको मौलिकता जोगाउन पनि यस्ता दस्तावेजले मार्गदर्शन गर्ने धारणा राख्नुभयो। उहाँले भक्तपुर र ताथलीबिचको सम्बन्धलाई ऐतिहासिक तथ्यका आधारमा पुस्तकले प्रस्ट्याएको भन्नुभयो।

ताथली साकोसका अध्यक्ष एकबहादुर खत्रीले ताथलीको समग्र इतिहास समेटिएको पुस्तक प्रकाशन हुनु स्थानीय समुदायका लागि गर्वको विषय भएको बताउनुभयो। इतिहास र संस्कृतिबारे नयाँ पुस्तालाई जानकारी गराउने प्रभावकारी माध्यम पुस्तक नै भएको उहाँको भनाइ थियो।

नेपाल मजदुर किसान पार्टी ताथलीका राजाराम छुकांले ताथलीको मौलिक पहिचान संरक्षणका लागि स्थानीय समुदाय स्वयं जागरुक हुनुपर्ने बताउँदै पुस्तकले त्यस अभियानलाई थप बल पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले पुस्तक हरेक घरमा पुग्नुपर्ने, सबैले पढ्नुपर्ने र आफ्ना छोराछोरीलाई पनि पढ्न दिनुपर्नेमा जोड दिनुभयो। उहाँले प्रकाशित पुस्तकले वर्तमान पुस्तालाई आफ्नो मौलिकता चिनाउनुका साथै भावी पुस्ताका लागि पनि महत्त्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा काम गर्ने विश्वास लिएको जानकारी दिनुभयो।

पुस्तकका लेखक तथा अनुसन्धानकर्ता हरिसुन्दर छुकांले आफ्नो लेखकीय मन्तव्यमा ताथली ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक दृष्टिले अत्यन्तै महत्त्वपूर्ण बस्ती भए पनि यसका विविध पक्ष समेटिएको समग्र दस्तावेजको अभाव रहेको बताउनुभयो। यही आवश्यकता महसुस गर्दै भूगोलदेखि लोकसंस्कृतिसम्मका विषयलाई एउटै कृतिमा समेट्ने प्रयास गरिएको उहाँले बताउनुभयो।

लेखक छुकांले पुस्तक तयार पार्ने क्रममा स्थानीय अग्रजहरूसँगको संवाद, पुराना दस्तावेज, अभिलेख, शिलालेख, धार्मिक स्थल, पुरातात्त्विक अवशेष, जनश्रुति तथा विभिन्न प्रकाशित-अप्रकाशित सामग्रीको अध्ययन गरिएको जानकारी दिनुभयो।

चाँगुनारायण नगरपालिकाकी कार्यपालिका सदस्य कमला गिरीले स्थानीय सरकारको दायित्व सडक, भवन र पूर्वाधार निर्माणमा मात्र सीमित नरही इतिहास, भाषा, संस्कृति र सम्पदाको संरक्षणमा पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो। उहाँले वडा कार्यालयले स्थानीय सम्पदाको अभिलेखीकरण र संरक्षणलाई प्राथमिकतामा राखेर पुस्तक प्रकाशन गरेको जानकारी दिनुभयो।

कार्यक्रमको सञ्चालन वडासचिव सपना श्रेष्ठले गर्नुभयो। कार्यक्रममा जनप्रतिनिधि, अनुसन्धानकर्ता, साहित्यकार, संस्कृतिकर्मी, शिक्षक, सञ्चारकर्मी, राष्ट्रसेवक कर्मचारी, समाजसेवी, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि तथा स्थानीयवासीको उपस्थिति थियो।

स्थानीय तहको पहलमा प्रकाशित ‘ताथली : भूगोलदेखि लोकसंस्कृतिसम्म’ पुस्तक ताथलीको ऐतिहासिक र सांस्कृतिक पहिचानलाई अभिलेखीकरण गर्ने महत्त्वपूर्ण कृतिका रूपमा स्थापित हुने अपेक्षा गरिएको छ।

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ३७

**खेमराज साउदको कागज व्यहोरा:**

म पशुपति बहुमुखी क्याम्पस चावहिलमा स्नातक तह अध्ययनरत छु। हाल बडिमालिका कृषि कम्पनी प्रा.लि. को व्यवसाय गर्दै छु। साथै ‘देशभक्त युवा नेपाल’ नामको गैरनाफामूलक संस्थाको संस्थापक अध्यक्षको रूपमासमेत काम गर्दै आएको छु।

म २०८२ भदौ २० गते राति सामाजिक सञ्जाल Discord को एउटा ग्रुपमा जोडिएको थिएँ। भदौ २३ गते माइतीघर मण्डलामा विरोध प्रदर्शन लागि म र अङ्कित मल्लले जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट लिखित अनुमति माग गरेका थियौँ।

२०८२ भदौ २३ गते बिहान अन्दाजी ९:०० बजे माइतीघरमा हामीहरूको Discord ग्रुपको अन्दाजी ४००/५०० जनाको उपस्थिति भएको हुनुपर्दछ। हाम्रा सदस्यहरूले कालो मास्क लगाएर उपस्थित हुने सल्लाह भएको थियो। जुलुस निषेधित क्षेत्रसम्म जाने र कोणसभा गरी पुन: माइतीघर मण्डलामै फर्कने सल्लाह भएको थियो।

एभरेष्ट होटल अगाडि प्रहरीले ब्यारिकेड राखेको रहेछ। तर, उक्त निषेधित क्षेत्रमा सुरक्षाकर्मीको सुरक्षा घेरा बलियो थिएन। सुरक्षाकर्मीको सङ्ख्या न्यून र ब्यारिकेड पनि एउटा लाइनमामात्र थियो। त्यहाँ प्रहरी र प्रदर्शनकारीबिच सामान्य ठेलाठेल हुँदैमा प्रहरीले सो स्थान छाडेर एकैपटक संसद् भवनभित्र गए। सडक पूरै खाली थियो भने सुरक्षाकर्मीबाट संसद् भवनसम्म कुनै अवरोध भएन।

आक्रोशित भिड संसद् भवनको मूलगेट तथा पर्खालमा चढ्न थाले। कर्फ्यू कतिबेला लाग्यो मैले थाहा पाइनँ। एकाएक गोली चल्न थाल्यो।

२४ गते भएको आगजनी तथा तोडफोडको घटनाबारे सामाजिक सञ्जालबाट थाहा पाएको हुँ। साँझ सामाजिक सञ्जालमा ‘पशुपतिनाथको मन्दिरमा आगो लगाउँदै छन्’ भन्ने हल्ला चलेको थियो तर केही भएन। अवस्था सामान्य देखेपछि नेपाली सेनालाई खबर गरी फर्कियौँ।

नेपाली सेनाबाट वार्ताको लागि बोलाइएको खबर पाएपछि ‘हामी नेपाल’ संस्थाको कार्यालय रानीबारीमा भेला भएर छलफल गरेपछि केही साथीहरू वार्ताको निम्ति भद्रकाली गए। रातमा प्रधानमन्त्री कसलाई बनाउने भन्ने विषयमा छलफल भइरह्यो। तत्कालीन विषम परिस्थितिमा कानुनका ज्ञातासमेत रहेको भनी सुशीला कार्कीलाई एप्रोच गरियो। कार्कीले सहमति जनाएपछि नेपाली सेनाको प्रमुखसमक्ष जेनजेड साथीहरूबाट सिफारिस गरियो।

महत्त्वपूर्ण प्रशासनिक निकाय, सर्वोच्च अदालत, निजी सम्पत्ति तथा प्रहरी कार्यालयहरूमा तोडफोड तथा आगजनी, प्रहरीको निर्मम हत्या र हातहतियार लुटपाटजस्ता विध्वंसात्मक कार्यमा प्रदर्शनमा घुसपैठ गर्ने स्वार्थ समूहका व्यक्तिहरूको भूमिका छ जस्तो लाग्दछ।

**रोनेश प्रधानको कागज व्यहोरा:**

२०८२ भदौ २३ गते बिहान ९/१० बजेतिर ‘हामी नेपाल’ संस्थामार्फत डाक्टर, औषधिलगायतको उपचार सामग्री र एम्बुलेन्ससहितको टिम माइतीघर मण्डलामा गएको थियो। हामी सो संस्थाको स्वयंसेवकको रूपमा उपस्थित भएका थियौँ।

बिहान १०/११ बजेतिर माईतीघर मण्डलाबाट सुरू भएको प्रदर्शन बानेश्वर एभरेष्ट होटल अगाडि पुग्यो। प्रदर्शनकारी र सुरक्षाकर्मीबिच ब्यारिकेडमा निकै बेरसम्म धकेलाधकेल भयो। मादक पदार्थ सेवन गरेका प्रदर्शनकारीले भिडलाई ‘धकेल’, ‘हान्’ भन्दै उस्काइरहेका थिए। भिड ब्यारिकेड तोडेर संसद भवनतर्फ बढ्यो। पछि गोली चल्न थाल्यो।

भदौ २४ गते संसद् भवन, सिंहदरबारस्थित राज्यका प्रमुख प्रशासनिक निकाय, सरकारी कार्यालयहरू, व्यापारिक प्रतिष्ठान, निजी निवास समेतमा तोडफोड, आगजनी गराउन जियनजेड युवाको प्रदर्शनको मौका छोपेर अराजक समूहले घुसपैठ गराएकोजस्तो लाग्दछ।

**आन्दोलनमा संलग्न सहयोगी विशाल श्रेष्ठको व्यहोरा:**

म ललितपुर कुपण्डोलमा डे.जी. ट्राभल्स एन्ड एडभेन्चर सञ्चालन गर्छु। मैले ‘हामी नेपाल’ नामको संस्थामा पहिले देखि नै स्वयंसेवकको काम गर्दै आएको थिएँ। २०८२ भदौ २३ गते लगभग ९/१० बजेतिर ‘हामी नेपाल’ संस्थामार्फत डाक्टर, औषधि उपचार सामग्री र एम्बुलेन्ससहितको टिम माइतीघर मण्डलामा गएको थियो।

१०/११ जति बजेतिर बानेश्वरतर्फ अगाडि बढेको प्रदर्शनमा मादक पदार्थ सेवन गरेका व्यक्तिहरूले भिडलाई उक्साइरहेका थिए। भिड ब्यारिकेड तोडेर सङ्घीय संसद् भवनतर्फ बढ्न थाल्यो। सुरक्षाकर्मीहरूले पानीको फोहोरा, अश्रुग्यास प्रहार गर्नुका साथै लाठीचार्ज गरे। पछि फाएर चल्न थालेपछि प्रदर्शनकारीहरू कोही घाइते भए भने कोहीको मृत्यु भयो। भदौ २४ गते अराजक समूह घुसपैठ भएको कारण ठुलो मात्रामा जनधनको क्षति भएको जस्तो लाग्दछ।

# यातनापीडितको संरक्षण र न्यायका निम्ति राष्ट्रसङ्घको जोड

काठमाडौँ, १२ असार। यातनाको पूर्ण अन्त्य, पीडितको संरक्षण, न्यायमा पहुँच तथा पुन:स्थापनाप्रति विश्व समुदायको प्रतिबद्धता प्राप्त गर्ने उद्देश्यका साथ शुक्रबार जून २६ का दिन विश्वका विभिन्न देशमा यातनापीडितहरूको समर्थन दिवस विभिन्न कार्यक्रमका साथ मनाइयो।

संयुक्त राष्ट्रसङ्घले यातनापीडितको संरक्षण र न्यायका निम्ति विश्व समुदाय प्रतिबद्ध हुनुपर्नेमा जोड दिँदै आएको छ।

सन् १९९७ डिसेम्बर १२ मा राष्ट्रसङ्घीय महासभाले एक प्रस्ताव पारित गरी हरेक वर्ष जुन २६ लाई ‘यातनापीडितहरूको समर्थनमा अन्तर्राष्ट्रिय दिवस’ का रूपमा मनाउने निर्णय गरेअनुरूप यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिको प्रभावकारी कार्यान्वयन गर्दै यातनाको पूर्ण उन्मूलन गर्ने उद्देश्यले यो दिवस मनाउन प्रारम्भ भएको हो।

राष्ट्रसङ्घका अनुसार यातना अन्तर्राष्ट्रिय कानुनअन्तर्गत गम्भीर अपराध हो। सम्बन्धित सबै अन्तर्राष्ट्रिय कानुनी दस्तावेजले यातनालाई पूर्ण रूपमा निषेध गरेका छन् र कुनै पनि परिस्थिति वा बहानामा यसको औचित्य पुष्टि गर्न सकिँदैन। यातनाको योजनाबद्ध वा व्यापक अभ्यासलाई मानवताविरुद्धको अपराध मानिन्छ।

राष्ट्रसङ्घले आफ्नो स्थापनाकालदेखि नै यातनालाई मानिसले मानिसमाथि गर्ने सबैभन्दा घृणित कार्यमध्ये एकका रूपमा निन्दा गर्दै आएको छ। यस दिवसले राष्ट्रसङ्घका सदस्य राष्ट्र, नागरिक समाज, मानव अधिकारसम्बद्ध संस्था तथा विश्वभरका नागरिकलाई यातना भोगेका र अझै पनि यातना सहन बाध्य भएका लाखौँ मानिसको समर्थनमा एकजुट हुन आह्वान गरेको छ।

यातनाको कुनै पनि बहाना स्वीकार्य हुँदैन। यातनाले पीडितको व्यक्तित्वलाई ध्वस्त पार्नुका साथै प्रत्येक मानवमा निहित सम्मान र मर्यादामाथि आघात पुर्‍याउँछ। अन्तर्राष्ट्रिय कानुनले पूर्ण रूपमा निषेध गरे पनि विश्वका विभिन्न स्थानमा यातनाका घटना अझै भइरहेका छन्।

राष्ट्रसङ्घका यातनासम्बन्धी विशेष प्रतिवेदक एलिस जिल एडवाड्र्सका अनुसार सन् १९४५ यताकै सबैभन्दा धेरै सशस्त्र द्वन्द्व अहिले विश्वमा भइरहेका कारण यातना तथा अन्य अमानवीय व्यवहारका घटनामा वृद्धि देखिएको छ। अन्तर्राष्ट्रिय रेडक्रस समितिका अनुसार हाल विश्वभर करिब १०० वटा सशस्त्र द्वन्द्व जारी छन् र द्वन्द्वसँगै यातना तथा अन्य अमानवीय व्यवहारका घटना बढ्ने गरेका छन्।

राष्ट्रिय सुरक्षा, सीमा संरक्षण वा अन्य कुनै कारण देखाएर यातना वा क्रूर, अमानवीय तथा अपमानजनक व्यवहारलाई उचित ठहर गर्न खोजिए पनि अन्तर्राष्ट्रिय कानुनले कुनै पनि अवस्थामा त्यसलाई स्वीकार गर्दैन। यातनाको प्रभाव एक व्यक्तिमा मात्र सीमित नरही परिवार, समुदाय र पुस्तौँसम्म हिंसाको चक्रलाई निरन्तरता दिन सक्ने संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

यातनापीडितको पुन:स्थापनाका लागि शीघ्र, प्रभावकारी र विशेषज्ञ सेवाको आवश्यकता पर्ने उल्लेख गर्दै संयुक्त राष्ट्रसङ्घले विश्वभर सञ्चालनमा रहेका पुन:स्थापना केन्द्र तथा संस्थाहरूले पीडितलाई सामान्य जीवनमा फर्काउन महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको जनाएको छ।

जेनेभास्थित संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार कार्यालयद्वारा सञ्चालित ‘यातनापीडितका लागि राष्ट्रसङ्घीय स्वैच्छिक कोष’ ले यातनापीडित तथा उनीहरूका परिवारलाई कानुनी, सामाजिक, मानवीय, मनोसामाजिक र स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ। सन् १९८१ मा स्थापना भएको उक्त कोषबाट मानव अधिकार रक्षक, हिरासतमा रहेका व्यक्ति, बालबालिका, शरणार्थी, आप्रवासी, जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिका परिवार, आदिवासी समुदाय, लैङ्गिक हिंसापीडित तथा अन्य जोखिममा रहेका समूह लाभान्वित हुँदै आएका छन्।

राष्ट्रसङ्घले यातना दिने व्यक्ति वा समूहलाई कानुनी दायरामा ल्याउनुपर्ने, दण्डहीनताको अन्त्य गर्नुपर्ने तथा यातनालाई प्रोत्साहन गर्ने संरचना र प्रणालीलाई अन्त्य वा रूपान्तरण गर्नुपर्नेमा जोड दिएको छ। साथै, पीडितको पुन:स्थापना, न्यायमा पहुँच र मानव अधिकारको पूर्ण संरक्षण सुनिश्चित गरेर मात्र यातनामुक्त समाज निर्माण गर्न सकिने सन्देश यस दिवसले दिएको छ।

यस अवसरमा दिनुभएको सन्देशमा महासचिव एन्टोनियो गुटेरेसले यातना दिने व्यक्तिलाई कुनै पनि हालतमा उनीहरूको अपराधबाट उन्मुक्ति दिन नहुने बताउनुभएको छ; आह्वान गर्नुभएको छ। *(रासस)*

# ट्राफिक कारबाहीमा एकैदिन २० लाख ७९ हजार राजस्व सङ्कलन

काठमाडौँ, १२ असार। बितेका २४ घण्टामा दुई हजार ४३८ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन्। यसबाट राज्यकोषमा रु. २० लाख ७९ हजार राजस्व दाखिला भएको छ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेको ८५, नियमविपरीत ‘राइड सेयरिङ’ गरेका १३०, सङ्केत बत्ती उल्लङ्घनकर्ता १२३ र तीव्रगतिमा सवारीसाधन हुइँक्याएका १६० जनालाई कारबाही गरिएको हो।

यसैगरी, ‘लेन’ अनुशासन पालना नगर्ने १२२, निषेधित क्षेत्रमा हर्न बजाउने ८८, लागुपदार्थ सेवन गरी सवारीसाधन सञ्चालन गर्ने तीन, निर्धारित मापदण्डभन्दा बढी धुवाँ फाल्ने सवारीसाधन २७ अन्य सवारी नियम पालना नगरेका एक हजार ७०० जनालाई कारबाही गरिएको हो। *(रासस)*

## सङ्क्षिप्त समाचार

### उपत्यकामा बर्ड फ्लु सङ्क्रमण फैलन नदिन प्राविधिक टोली परिचालन

काठमाडौँ, १२ असार । पशुसेवा विभागले काठमाडौँ उपत्यका तथा आसपासका क्षेत्रमा बर्डफ्लु सङ्क्रमण फैलन नदिन प्राविधिक टोली परिचालन गरी नियन्त्रणको काम अघि बढाएको छ । विभागले विभिन्न प्रयोगशालामार्फत नियमित नमुना परीक्षण गरी निगरानी बढाएको हो ।

काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रेमा सङ्क्रमणको जोखिम बढी देखिएकाले रोग नियन्त्रण कार्यलाई उच्च प्राथमिकता राखिएको विभागका महानिर्देशक डा. उमेश दाहालले बताउनुभयो । उहाँका अनुसार तीन महिनाअघि सुरु भएको सङ्क्रमण विभिन्न ११ जिल्लामा फैलिएको छ ।

करिब एक सय कुखुरा फार्ममा बर्डफ्लु सङ्क्रमण पुष्टि भएपछि ती फार्ममा पन्छी, अण्डा, दाना नष्ट गरिएका छन् । करिब डेढ महिना नयाँ चल्ला नराख्न आग्रह गरेको विभागले उच्च सतर्कता अपनाउन आह्वान गरेको छ । काठमाडौँ उपत्यकाका चन्द्रागिरि, कीर्तिपुर, टोखा, तारकेश्वर, गोदावरी, चाँगुनारायण, सूर्यविनायकलगायत क्षेत्रका फार्ममा सङ्क्रमण पुष्टि भएको छ ।

बर्डफ्लुका उपचार र प्रभावकारी खोप नभएको हुँदा भाइरस कडा सङ्क्रामक हुने र कुखुरालगायत पन्छी नष्ट उत्तम विकल्प हुने जनाइएको छ । सङ्क्रमण मानिसमा पनि सर्न सक्ने सम्भावना रहेको बताउँदै विभागका महानिर्देशक दाहालले सङ्क्रमणलाई चाँडो नियन्त्रण गर्न पन्छी व्यवसायी तथा उपभोक्तालाई थप सावधानी अपनाउन आग्रह गर्नुभयो ।

विभागका महानिर्देशकको संयोजकत्वमा केन्द्रमा बर्डफ्लु समन्वय समिति तथा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्लामा बर्डफ्लु समन्वय समिति गठन गरिएको छ । नष्ट गरिएका कुखुरा, अण्डा तथा दानाको प्रमाणका आधारमा जिल्लाबाट समितिले निर्धारण गर्ने दररेटका आधारमा लागत मूल्यको ७५ प्रतिशतसम्म किसानलाई क्षतिपूर्ति दिने व्यवस्था रहेको विभागका सूचना अधिकारी मुकुल उपाध्यायले जानकारी दिनुभयो । *(रासस)*

### भीमसेन थापा पुरस्कारबाट सीमाविद् श्रेष्ठ पुरस्कृत

काठमाडौँ, १२ असार । राष्ट्रिय विभूति भीमसेन थापा प्रतिष्ठानले यस वर्ष सीमाविद् बुद्धिनारायण श्रेष्ठलाई पुरस्कृत गर्ने निर्णय गरेको छ ।

प्रतिष्ठानले मुलुकको सिमानासँग सम्बन्धित विषयमा निरन्तर पैरवी गरी देश र जनताका पक्षमा उल्लेखनीय योगदान पुऱ्याएबापत सीमाविद् श्रेष्ठलाई रु. एक लाख एक हजार १११ नगदसहित सम्मानपत्रबाट पुरस्कृत गर्ने निर्णय गरेको हो । प्रतिष्ठानका अध्यक्ष प्रा डा. पार्थिवेश्वरप्रसाद तिमिल्सिनाका अनुसार राष्ट्रिय विभूति भीमसेन थापाको २५२ औँ जन्मजयन्तीका अवसरमा आगामी साउन ९ गते सो पुरस्कार दिइने छ ।

करिब तीन दशकदेखि सो प्रतिष्ठानले राष्ट्रिय विभूति भीमसेन थापाको स्मृतिमा इतिहास विषय वा राष्ट्रिय महत्त्वका विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने एक व्यक्ति वा संस्थालाई पुरस्कृत गर्दै आएको छ । नेपालको कूटनीतिक तथा आर्थिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनुहुने डा. भेषबहादुर थापालाई गत वर्ष सो पुरस्कार प्रदान गरिएको थियो । *(रासस)*

### ट्राफिक कारबाहीबाट आठ लाख १२ हजार राजस्व सङ्कलन

जुम्ला, १२ असार । जिल्ला ट्राफिक कार्यालय जुम्लाले चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा रु. आठ लाख १२ हजार राजस्व सङ्कलन गरेको छ । सवारी नियम उलङ्घन, मादकपदार्थ सेवनलगायतका कार्य गरेबापत चालकलाई गरिएको कारबाहीबाट सो परिमाणको राजश्व सङ्कलन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय जुम्लाका प्रहरी सहायक निरीक्षक जगतबहादुर कठायतले जानकारी दिनुभयो ।

यस अवधिमा जिल्लामा ६८ वटा सवारी दुर्घटना भएका थिए । ती दुर्घटनामा कुनै पनि मानवीय क्षति नभएको जनाइको छ । पछिल्लो समयमा बढिरहेको सहरीकरणले जुम्लामा पनि सवारी साधनको चाप बढ्दै गएको ट्राफिक कार्यालय जुम्लाले जनाएको छ । *(रासस)*

### सालक वाग्मती प्रदेशको गौरव



वाग्मती, १२ असार । वाग्मती प्रदेश सरकारले सालकलाई वाग्मती प्रदेशको गौरवको प्राणीका रूपमा संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने भएको छ । वाग्मती प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेटमा सालकलाई प्रदेशको गौरवको प्राणीका रूपमा संरक्षण गर्न विशेष कार्यक्रम ल्याइने आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले बताउनुभयो ।

सरकारी संरचना निर्माणमा प्रदेशमा उत्पादित स्वदेशी काठको प्रयोगलाई अनिवार्य गरिने बजेटमा उल्लेख गरिएको छ । जलवायु जोखिम न्यूनीकरणका लागि वातावरणमैत्री तथा बायोइन्जिनियरिङ प्रविधिको प्रयोग र एकीकृत जलाधार व्यवस्थापन गरिने सरकारले जनाएको छ । उपभोक्तासमक्ष स्थानीय बाली पुऱ्याउन एक जिल्ला एक सङ्कलन तथा प्रशोधन केन्द्र र पर्यटकीय भान्छाघर स्थापना गरिने मन्त्री तामाङले बताउनुभयो । *(रासस)*



**किसानलाई मार्सीधान रोप्न चटारो**
जुम्लाको तातोपानी गाउँपालिका-१ स्थित बाइराँकाका स्थानीयवासी खेतमा मार्सीधान रोप्दै । ***तस्बिर :*** *विजय रावत/रासस*

## बसाइँसराइले रित्तिँदै गाउँ, गोरुको ठाउँमा किसानलाई कृषि औजार

गुल्मी, १२ असार । पहिले गाउँका प्रत्येक घरघरमा खेतबारी जोत्नका लागि गोरु पाल्ने चलन थियो । खेतीपाती गर्नका लागि गोरु नै किसानको मुख्य सहारा थिए । आजभोलि ती दिन बिस्तारै सम्झनामा सीमित हुँदै गएको छ । गाउँका युवा रोजगारीका लागि सहर र विदेशतिर पसेका छन् । गाउँमा काम गर्ने मानिस अभाव छ । जसका कारण किसानले गोरु पाल्न बिस्तारै छोडिसकेका छन् ।

यस्तै समयको गतिसँगै बदलिँदो ग्रामीण परिवशेको यथार्थ समस्यालाई मध्यनजर गर्दै मुसिकोट नगरपालिकाले किसानलाई यान्त्रिकीकरणमार्फत किसानलाई कृषि उत्पादनतर्फ उन्मुख गराउने प्रयास थालेको छ ।

नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत ९० जना कृषकलाई ७५ प्रतिशत अनुदानमा कुटानी-पिसानी मिल र हाते ट्र्याक्टर वितरण गरेको छ ।

कृषिमा बढ्दो श्रम अभावको न्यूनीकरण, उत्पादन लागत घटाउने र समयको बचत गर्दै खेतीलाई थप व्यावसायिक बनाउने उद्देश्यले किसानहरूलाई उक्त प्रविधि हस्तान्तरण गरिएको नगरप्रमुख जीवलाल खरेल जीवनले बताउनुभयो ।

उहाँले बसाइँसराइका कारण गाउँमा खेती गर्ने जनशक्ति घट्दै गएको, गोरु पाल्ने चलन पनि कम हुँदै गएकाले परम्परागत खेती प्रणालीलाई आधुनिक प्रविधिसँग जोड्नु अहिलेको आवश्यकता बनेको बताउनुभयो ।

मुसिकोट - २ का किसान बुद्धीराम खरेलले भन्नुभयो, “गाउँमा अहिले गोरु पाल्न सम्भव छैन, खेत जोत्नका लागि मान्छे खोज्दा भेटिँदैनन्, यस्तो अवस्थामा आफूले थोरै लगानी गरेर अनुदानमा हाते ट्र्याक्टर पाउँदा निकै खुसी लागेको छ ।”

हाते ट्र्याक्टर र कुटानी-पिसानी मिलले किसानको श्रम, समय र लागत कम हुने तथा बाँझो जमिनको उपयोग बढाउन मद्दत पुग्नेछ । पचहत्तर प्रतिशत अनुदानमा मेसिनरी औजार प्राप्त गरेपछि कृषकहरू पनि उत्साहित देखिएका छन्

अर्का कृषक कृष्णकुमारी कार्कीले कुटानी-पिसानी मिलले आफूलाई घरमै अन्न पिस्न सजिलो हुने भएको भन्दै यसले समय र ढुवानी खर्चमा समेत बचत हुने बताउनुभयो ।

नगरपालिकाकी कृषि प्राविधिक अस्मिता आचार्यले कृषकले औजारको सही प्रयोग र नियमित मर्मतसम्भारमा ध्यान पुऱ्याउन सकेका यसबाट लामो समयसम्म फाइदा लिन सकिने बताउनुभयो ।

गाउँ रित्तिँदै गएको वर्तमान अवस्थामा मुसिकोट नगरपालिकाले गाउँमा बाँकी रहेका किसानलाई आधुनिक प्रविधिमार्फत कृषि पेसालाई टिकाइराख्न यस्ता प्रकारका आधुनिक यान्त्रिकीकरण वितरणबाट थप मद्दत पुग्ने अपेक्षा गरिएको जनाएको छ । *(रासस)*

## रौतहटका १८ स्थानीय तहमध्ये १५ वटा पालिकाले ल्याए बजेट

चन्द्रपुर (रौतहट), १२ असार । रौतहट जिल्लाका १८ स्थानीय तहमध्ये १५ वटाले आगामी आर्थिक वर्ष २०८३/८४ नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका छन् ।

समयमै नगरसभा गरी नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नेमा गौर, चन्द्रपुर, परोहा, मौलापुर, बौधीमाई, गुजरा, इशनाथ, देवाहीगुनाही, माधवनारायण, गढीमाई, राजपुर, बृन्दावन, राजदेवी नगरपालिका छन् ।

दुर्गाभगवती तथा यमुनामाई गाउँपालिकाले पनि गाउँसभा गरिसकेका छन् भने कटहरिया, गरुडा र फतुवा विजयपुर नगरपालिकाले भने नगरसभा गरेका छैनन् । जिल्लाकै सबैभन्दा ठुलो चन्द्रपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि रु. एक अर्ब २१ करोड ८० लाखको बजेट विनियोजन गरेको छ ।

नगरप्रमुख सञ्जयकुमार काफ्ले र उपप्रमुख जयमाला चौधरीले पालिकाको १७ औँ नगरसभाले आव २०८३/८४ का लागि रु. एक अर्ब २१ करोड ८० लाखको बजेट विनियोजन गरेको बताउनुभयो ।

त्यसैगरी, गौर नगरपालिकाको १८औँ नगरसभा आगामी आवका लागि ५३ करोड ८८ लाखभन्दा बढीको बजेट प्रस्तुत गरिएको छ । नगरको समग्र विकास, सुशासन र समृद्धिलाई मुख्य प्राथमिकतामा राख्दै नगरप्रमुख शम्भु साहले बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो ।

यस्तै, मौलापुर नगरपालिकाले पनि आफ्नो नगरसभामार्फत आगामी आव २०८३/८४ को लागि करिब रु. ४२ करोडको बजेट प्रस्तुत गरेको नगरप्रमुख रिनाकुमारी साहले जानकारी दिनुभयो ।

बजेटले विगतदेखि नै सञ्चालनमा रहेको ‘नगर मास्टर’ र ‘नगर डाक्टर’ कार्यक्रमलाई निरन्तरता दिइएको छ भने बिजुली र खानेपानी निःशुल्क तथा ‘छोरीसँग मेयर कार्यक्रम’लाई प्रभावकारी रूपमा अघि बढाउने उद्घोष गरेको छ ।

गढीमाई नगरपालिका प्रमुख श्याम यादवले आव २०८३/८४ का लागि रु. ५९ करोड २२ लाख ५५ हजारको बजेट विनियोजन गरिएकामा चालु खर्चतर्फ रु. ४० करोड ९० लाख ४७ हजार र पुँजीगत खर्चतर्फ रु. १८ करोड ३२ लाख आठ हजार रहेको बताउनुभयो ।

त्यसैगरी, बौधीमाई नगरपालिकाको १२ औँ नगरसभा नगरप्रमुख प्रदीप राय यादवको अध्यक्षतामा सम्पन्न नगरसभामा उपप्रमुख प्रमिला देवीले आव २०८३/८४ का लागि रु. ६३ करोड ९६ लाख चार हजारबराबरको वार्षिक बजेट प्रस्तुत गर्नुभएको थियो ।

वृन्दावन नगरपालिकाको ११ औँ नगरसभामा आगामी आव २०८३/८४ का लागि रु. ६० करोड ९२ लाख २५ हजार ८८१ को बजेट प्रस्तुत गरिएको नगरप्रमुख विनोदप्रसाद कुर्मीले जानकारी दिनुभयो । राजपुर नगरपालिकाको १० औँ नगरसभा आगामी आव २०८३/८४ का लागि रु. ५० करोड २१ लाख ९३ हजारको आयव्ययको विवरण प्रस्तुत गरियो ।

माधव नारायण नगरपालिकाको ११औँ नगरसभामा आव २०८३/८४ का लागि रु. ५० करोड २९ लाख २० हजारको आयव्ययको वार्षिक अनुमान विवरण प्रस्तुत गरिएको छ । *(रासस)*

## कालीकोटमा नदीजन्य पदार्थ उत्खनन रोक

मान्म (कालीकोट), १२ असार । कालीकोटमा नदी, खोलाबाट ढुङ्गा, गिट्टी, बालुवालगायतका नदीजन्य पदार्थ उत्खननमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय कालीकोटले अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन गर्न रोक लगाएको हो ।

अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन कार्य हुँदै आइरहेको र पटकपटकका जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट स्थानीय तहले कानुन बनाएरमात्र कानुनसम्मत रूपमा उत्खनन तथा उपयोग गर्ने निर्णय भएकामा त्यसको पालना नभएका कारणले रोक लगाएको जिल्ला प्रशासन कार्यालय कालीकोटले जनाएको छ ।

जिल्लाका नौवटै स्थानीय तहहरूलाई कानुन निर्माण गरेर नदीजन्य पदार्थ उत्खनन गर्न पटकपटक ताकेता गरे पनि त्यसको उल्लङ्घन गरेका कारणले रोक लगाएको जिल्ला प्रशासन कार्यालय कालीकोटका सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी जनक शर्माले बताउनुभयो ।

“ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन २०७९) को दफा ४ को उपदफा (१६) बमोजिम असार १ गतेदेखि भदौ मसान्तसम्म उत्खनन तथा सङ्कलन कार्य गर्न पूर्ण रूपमा बन्द गरिएको छ”, उहाँले भन्नुभयो, “यो निर्णयको विपरीत हुनेगरी नदी वा खोला क्षेत्रमा कुनै नदीजन्य पदार्थको चोरी निकासी तथा अवैध उत्खनन वा सङ्कलन कार्य/क्रियाकलाप गरे/गराएको पाइएमा प्रचलित कानुनबमोजिम कडा कारबाही हुनेछ ।”

हिउँदभर स्थानीय तहहरूले आवश्यक कानुन नै नबनाई प्राकृतिक स्रोतको मनपरी दोहन गरिरहेको अवस्थामा वर्षायाममा आउन सक्ने बाढी, पहिरोजस्ता प्राकृतिक विपद्को जोखिमलाई समेत न्यूनीकरण गर्न जिल्ला प्रशासन कार्यालय निर्णय लिएको जनाएको छ । *(रासस)*

। सम्पादकीय ।

# महाधिवेशन र कार्यकर्ताको दुखेसो

रास्वपाको पहिलो महाधिवेशन आफ्नै दलका नेता या महाधिवेशन प्रतिनिधिहरूको असन्तोषबिच सम्पन्न हुँदै छ। अरु राजनीतिक दलका नेता, कार्यकर्ता, नागरिक समाज, राजनीतिक विश्लेषक, लेखक तथा बुद्धिजीवीले भन्दा आफ्नै दलका नेता र महाधिवेशन प्रतिनिधिहरूले महाधिवेशन झुरेस्ट भएको र अन्तर्राष्ट्रिय रूपमा बेइज्जत भएको भनी आक्रोश पोखे। उनीहरूको भनाइअनुसार यो महाधिवेशनमा हार्नुपर्ने उम्मेदवार जिते र जित्नुपर्ने उम्मेदवार हारे। एकातिर एकले अर्का उम्मेदवारलाई प्रतिनिधिहरूले चिनेकै छैनन्, देश र जनताको सेवामा लागेकै छैनन् भने अर्कोतिर बन्द सत्र लम्बिएको कारण कति प्रतिनिधिहरू घर फर्केका छन्। प्रतिनिधिहरूले कुन उम्मेदवार असल, कमसल भन्नेबारे बुझ्ने मौका र अवसर नै पाएनन्। कार्यकर्ताले नचिनेका, योगदान नगरेका उम्मेदवार जिते, पार्टीमा सुरुदेखि काम गरेका हारे। पार्टीको लागि दुःख गरेका कार्यकर्ताहरू आजित भए र पुरानो सत्तारुढ दलभन्दा रास्वपा झन् गतिलो नभएको दुखेसो पोखे।

पार्टीले महाधिवेशनमा गुट उपगुट नगर्न बिन्ती जोड गरे पनि बालेन र रवि गुट स्पष्ट देखिएको उनीहरूकै भनाइ छ। कति प्रतिनिधिहरूले बालेन पक्षका उम्मेदवारहरू हार्ने अभिव्यक्ति दिए। बालेन पक्षका उम्मेदवारहरू धेरै हारे पार्टीभित्र आन्तरिक विवाद बढ्ने त होइन भन्ने शङ्का पनि उनीहरूले व्यक्त गरे। पार्टीभित्र देखिएको आन्तरिक द्वन्द्वले कार्यकर्ताहरू निरास भएको दुखेसो पनि सञ्चारमाध्यममा आयो। अन्य राजनीतिक दलले रास्वपा त सिद्धान्त र विचार नै नभएको पार्टी भनी गरेको आलोचना सही रहेछ भन्ने कुरा महाधिवेशन प्रतिनिधिहरूले स्वीकारे। अधिवेशनमा पेस भएको अर्थ राजनीतिक दस्तावेज पनि कुनै बहस र छलफल नै नगरी पारित गरिएकोमा पार्टीका प्रतिनिधिहरूले आपत्ति जनाउँदै असन्तोष व्यक्त गरे।

पार्टीको विधान पार्टी सभापति जो कुनै व्यक्ति नआऊन् या पार्टी सभापति रविविरुद्ध अरु कसैले टाउको उठाउन नसकून् भन्ने ध्येयले होला, पार्टी सभापति उम्मेदवार बन्न एकजना प्रस्तावक र ५१ जनता समर्थक आवश्यक भएको व्यवस्था गरियो। पार्टी सभापतिमा निर्वाचित भएपछि आफ्नो पक्षको केन्द्रीय सदस्य बहुमत पुऱ्याउन या आफ्नो निर्णय सजिलैसँग लागू गर्ने उद्देश्यले सभापतिले ५१ जना मनोनीत गर्न पाउने व्यवस्था गरियो। पार्टीभित्र विरोधको स्वर सल्के पनि केही गर्न नसक्ने गरी या पार्टीको निर्णय सजिलैसँग बहुमतले पारित गर्न सक्ने व्यवस्था मिलाएको देखिन्छ।

रास्वपामा रहेका र जितेका ५० प्रतिशतभन्दा बढी पुरानै दलका नेता तथा कार्यकर्ता रहेको खबर सञ्चारमाध्यममा आएकै हो। पुराना दल छोडेर, चित्त नबुझेर रास्वपामा प्रवेश गरेका नेता कार्यकर्ताहरूको विचार देश परिवर्तन गर्न होइन भन्ने कुरा रास्वपाको नीति तथा कार्यक्रमले प्रस्ट पारिसकेको छ। जो कुनै दल सत्तामा आएपछि जस्तो अपराध, भ्रष्टाचार, अनियमितता गरे पनि आफ्नो पक्षकालाई जोगाउने र विपक्षका नेता, पूर्वमन्त्री र पूर्वसांसदहरूलाई अनेक मुद्दा राख्ने, हतोत्साही बनाउने काम वर्तमान सरकारले पनि रोकेको छैन। सरकारले गठन गर्ने आयोग तथा निकायमा पहिलेदेखि दलीय सिफारिसमा पदमा बसी अवकास पाएका व्यक्ति परेका छन् या पार्टीमा क्रियाशील नेता तथा कार्यकर्ता परेका छन्। हो, अपराधी या दोषीहरू जोसुकै होऊन्, सजायभागी हुनुपर्छ।

देशमा व्याप्त कुशासन र गरिबीको अवस्थालाई सम्बोधन गर्ने काममा सरकारको ध्यान गएको छैन। कुनै पनि सरकारले आफ्नो देशको स्वाधीनता र स्वाभिमानको कुरामा कसैसँग सम्झौता गर्नु हुँदैनथ्यो। छिमेकी देशलाई खुसी पार्ने नाउँमा असमान सन्धि सम्झौता गर्न नहुनेमा शासकहरू सचेत हुनुपर्छ। देश र जनताबारे शासकहरू जिम्मेवार नहुँदा देशको स्थिति सुदृढ भएन। समृद्ध देश सुखी नेपाली भनाइमा मात्र सीमित भयो। वर्तमान शासकहरू देश र जनताप्रति संवेदनशील देखिएनन्। रास्वपाको महाधिवेशनले पार्टीको सैद्धान्तिक आधार बनाउने, बहुमत जनताको हित हुने पार्टी नीति तयार गर्ने जनतामा विश्वास थियो। तर, पार्टीले त्यस्तो मार्ग निर्देशक सिद्धान्त कुनै तयार गरेन। पार्टीको सिद्धान्त र विचार बहुमत जनताको सेवा गर्ने नभएसम्म कुनै पनि सरकारले आमूल परिवर्तन गर्न सक्दैन; गर्न अघि बढ्दैन। महत्त्वपूर्ण कुरा दल ठुलो र सानो होइन दलको सिद्धान्त र विचार हो; सिद्धान्त र विचार लागू गर्ने अठोट र दृढता हो।

# अमेरिका–इरान सम्झौतापछि पनि अनिश्चित लेबनानको भविष्य

✍ मिरेइल रेबिज

अमेरिका र इरानले जून १७, २०२६ मा लामो समयदेखि प्रतीक्षा गरिएको अस्थायी युद्धविराम सम्झौतामा हस्ताक्षर गरे। महिनौंको अनिश्चिततापछि खाडी क्षेत्रका जनताले सम्भवतः राहतको सास फेर्न सक्छन् र हर्मुज जलमार्ग पुनः खोल्दा विश्वव्यापी बजारमा चहलपहल बढ्नेछ। तर, सम्झौतापछि लेबनानमा युद्धको प्रभाव झेलेकाहरूबारे के हुन्छ ? आखिर, हस्ताक्षर गरिएको समझदारी पत्र अमेरिका र इरानबिचको शान्ति सम्झौता मात्र होइन। बरु, तेहरानको जोडमा यो सम्झौता लेबनानसहित सबै मोर्चामा शत्रुता समाप्त गर्ने उद्देश्यले गरिएको हो।

राष्ट्रपति डोनाल्ड ट्रम्पले यो सम्झौतालाई अमेरिकाको जीत र



वासिङटनको मध्यपूर्वमा जारी लफडा अन्त्यको रूपमा प्रस्तुत गरिरहेका छन्। तर, ट्रम्पको अधिकारलाई चुनौती दिने इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको अन्य योजना हुन सक्छ। इजरायललाई कूटनीतिक प्रक्रियाबाट बाहिर राखिएको बताइएको छ। जून १४ मा इरानसँगको सम्झौता तोडिएको खबर आएपछि नेतन्याहुले इजरायलले लेबनानलाई 'अनिश्चितकालका लागि' कब्जा गर्ने घोषणा गरे। त्यसपछि इजरायलले हवाई आक्रमणको नयाँ लहर सुरु गऱ्यो, जसले लेबनानमा चारजनाको ज्यान लियो।

स्पष्ट रूपमा असन्तुष्ट ट्रम्पले ती कार्यको सार्वजनिक रूपमा आलोचना गरे। उनले दक्षिणी लेबनानमा रहेर लगभग पाँच दशकदेखि इजरायलसँग लडिरहेको तेहरान-समर्थित लेबनानी समूह हिजबुल्लाहलाई सिरियाले ध्वस्त पार्न लगाउने बताए। इजरायलले लेबनानमा बमबारी गरिरहने र लेबनानी नागरिकलाई उनीहरूको भूमिबाट हटाउने क्रम जारी राखेको कारण लेबनानमा अमेरिका-इरान सम्झौताको अर्थ अस्पष्ट छ।

मध्यपूर्व अध्ययनका एक विद्वान्को रूपमा मलाई डर छ कि सम्झौताले लेबनानको समस्या समाधान गर्नुभन्दा बढी त्यहाँको नाजुक अवस्थाबारे प्रश्न खडा गरेको छ। यसबाहेक, लेबनानलाई लिएर इजरायल-अमेरिका नीतिमा हुने विभाजनले ट्रम्पको इरानसँगको तनाव कम गर्ने प्रयासमा गम्भीर प्रभाव पार्न सक्छ र लेबनान र इजरायलबिच शान्ति सम्झौताको आशालाई पनि बाधा पुऱ्याउन सक्छ।

**अटेरी इजरायल**

इतिहासले देखाउँछ कि अमेरिकाले इजरायली सैन्य कारबाही ( लेबनानविरुद्ध) लाई नियन्त्रण गर्न असफल भएमा विनाशकारी परिणाम निम्त्याउन सक्छ। सन् १९८२ मा इजरायलले 'अप्रेसन पिस फर ग्यालिली' अन्तर्गत लेबनानमा आक्रमण गरेर बेरुतमा क्रूर घेराबन्दी लगाएपछि यस्तै परिदृश्य देखिएको थियो। उक्त हमलामा १७ हजारभन्दा बढी लेबनानी र प्यालेस्टिनी नागरिक र लडाकु मारिएका थिए। अगस्ट १९८२ मा एक क्रोधित फोन संवादमा अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले इजरायलका तत्कालीन प्रधानमन्त्री मेनाकेम बिगिनलाई बेरुतमा भारी बमबारी रोक्न आग्रह गरे। "मेनाकेम, यो एक प्रलय हो," रेगनले त्यतिबेला भनेका थिए।

तर, इजरायलले युद्धविरामका लागि अमेरिकी मागलाई बेवास्ता गऱ्यो। फलस्वरूप, रेगनले लेबनानमा अन्तर्राष्ट्रिय शान्ति सेना पठाए। फ्रान्सेली, इटालियन र अमेरिकी सेना सम्मिलित यो बहुराष्ट्रिय सेनालाई युद्धरत पक्षबिचको बफर जोनको रूपमा काम गर्ने र लेबनानबाट बाहिर निस्कने प्यालेस्टिनी लडाकुलाई बन्दरगाहमा सुरक्षा प्रदान गर्ने जिम्मेवारी दिइएको थियो। अमेरिकी सैन्य नेताका अनुसार इजरायलले तनाव कम गर्ने रेगनको प्रयासलाई मात्र बेवास्ता गरेन, यसले बहुराष्ट्रिय सेनालाई पनि अवज्ञा गऱ्यो, आफ्ना सेना दुरूपयोग गऱ्यो र उनीहरूको जीवनलाई खतरामा पाऱ्यो। विडम्बनाको कुरा जब इजरायलले १९८२ मा बेरुतमा आक्रमण गऱ्यो र अमेरिकी सेनालाई धम्की दियो, यसले दुई देशहरूको लामो समयदेखिको रक्षा व्यवस्थाको अंशको रूपमा वासिङटनले आपूर्ति गरेको हतियार प्रयोग गऱ्यो।

**दोहोरिन सक्छ इतिहास**

आज पनि त्यस्तै परिदृश्य देखा परिरहेको छ। १९८२ मा अमेरिकी राष्ट्रपति रेगन र इजरायलका तत्कालीन प्रधानमन्त्री बेगिनको झगडाजस्तै अहिले ट्रम्प र नेतन्याहु पनि विवादमा संलग्न छन्। लेबनानबारे हालैको टेलिफोन संवादमा ट्रम्पले नेतन्याहुलाई गाली गरिरहेको सुनिन्छ। "तिमी पागल हौ। म नभएको भए तिमी जेलमा हुन्थ्यौ," ट्रम्पले नेतन्याहुलाई भनेका छन्। इजरायली सरकारलाई लेबनानमा आफ्नो गतिविधि न्यून गर्न ट्रम्पले नेतन्याहुलाई दबाब दिँदै आएका छन्।

आज सन् १९८२ मा जस्तै इजरायलले अमेरिकी समर्थन र हतियार बिक्रीबाट निरन्तर लाभ उठाइरहेको छ। अमेरिकी संसद्ले अमेरिकी र इजरायली सेनालाई एकीकृत गर्न पनि कदम चालेको छ। साथै, १९८२ जस्तै अमेरिकी राष्ट्रपति लेबनानमा विदेशी सेना पठाउने विचार गर्दै छन्। तर, अमेरिकी सैन्य र राजनीतिक समर्थनका बाबजुद इजरायलले अमेरिकी नीतिलाई बेवास्ता गरिरहेको छ।

**लेबनानबारे द्विविधा**

जब अमेरिका र इरानले सुरुमा अप्रिल २०२६ मा दुई हप्ताको युद्धविराममा सहमति जनाए, लेबनानलाई त्यो सम्झौतामा समावेश गर्ने कि नगर्ने भन्नेबारे द्विविधा थियो। इरानले युद्धविराममा लेबनानलाई पनि समावेश गरिएको दाबी गरे पनि, इजरायलले यसलाई अस्वीकार गऱ्यो र लेबनानमा निरन्तर बम विस्फोट गरायो।

फेब्रुअरी २०२६ को अन्त्यतिर इरानमाथि अमेरिका-इजरायली आक्रमणपछि हिज्बुल्लाहको कारबाहीका कारण लेबनान पनि समीकरणको हिस्सा बन्यो। अक्टोबर ७, २०२३ मा इजरायली भूमिमा प्यालेस्टिनी लडाकुहरूको आक्रमणको प्रतिक्रियामा इजरायलले गाजामा बमबारी गरेपछि तेहरान-समर्थित हिजबुल्लाहले हमाससँग ऐक्यबद्धताको वाचा गरेजस्तै इरानमाथि प्रहार हुँदा सो समूहले इजरायलमाथि हमला गऱ्यो। यसले उग्र हिज्बुल्लाह र इजरायलबिचको युद्धलाई पुनः सुरु गऱ्यो। आज, इजरायलले दक्षिण लेबनान कब्जा गरेको छ र यसलाई गाभ्ने धम्की दिइरहेको छ।

अमेरिकाले जारी गरेको पछिल्लो इरान शान्ति योजनाको पाठ ( टेक्स्ट) मा स्पष्ट रूपमा लेबनान समावेश छ। मलाई विश्वास छ कि यो सम्झौतालाई स्वागतयोग्य कदमको रूपमा हेरिनेछ तर लेबनानको सार्वभौमिकतामा सम्भावित प्रहार पनि हुनेछ। यद्यपि, पाठले लेबनानको 'क्षेत्रीय अखण्डता' को रक्षा गर्ने लक्ष्य राखेको छ। पाठमा लेबनानबाट इजरायली सेनाको फिर्ताबारे प्रस्ट उल्लेख छैन। लेबनान मुद्दा नितान्त इजरायल र लेबनानबिचको हो वा अमेरिका र इरानले वार्ताका क्रममा सुल्झाउने हो भन्ने प्रस्ट छैन। यसबाहेक, नयाँ सम्झौताले लेबनानलाई आफ्नो हिजबुल्लाह सहयोगीमार्फत इरानको प्रभावबाट मुक्त हुने प्रयासलाई बेवास्ता गर्छ।

मे महिनामा एक अभूतपूर्व कदममा लेबनानले संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्मा इरानविरुद्ध औपचारिक उजुरी दायर गऱ्यो। उजुरीमा तेहरानले आफ्नो सार्वभौम निर्णयमा हस्तक्षेप गरेको र देशलाई युद्धमा तानेको आरोप लगाउँदै कूटनीतिक सम्बन्धमा भियना महासन्धि उल्लङ्घन गरेको आरोप लगाइएको थियो। लेबनानी सरकारविरुद्ध हिज्बुल्लाहको खुला धम्कीका बाबजुद लेबनानी प्रतिनिधिले वासिङटनमा इजरायली समकक्षीसँग धेरै योजनाबद्ध प्रत्यक्ष वार्ता गरेका छन्।

**कठिन बाटो**

वास्तवमा, अमेरिका-इरान नयाँ सम्झौतालाई पहिले नै कमजोर लेबनानी राज्य शक्तिका लागि एउटा धक्काको रूपमा व्याख्या गर्न सकिन्छ। अप्रत्यक्ष रूपमा सम्झौताले देशको राजनीति र विस्तारमा इरानको नियन्त्रणलाई बलियो बनाउँछ।

यसबाहेक, सन् १९८२ मा जस्तै अमेरिकाले लेबनानमा विदेशी सेना पठाउन र हिंसा अन्त्यको सहयोग गर्न मद्दत गर्ने प्रस्ताव गरिरहेको छ। वास्तवमा, ट्रम्पले अब दुईपटक सिरियाले लेबनानमा प्रवेश गर्न र 'हिजबुल्लाहमाथि सर्जिकल आक्रमण' गर्न भूमिका खेल्ने सम्भावनाबारे उल्लेख गरिसकेका छन्।

अमेरिकी राष्ट्रपतिले यी टिप्पणीलाई लेबनानमा इजरायललाई दबाब दिने तरिकाको रूपमा मात्र प्रयोग गरिरहेका छन् वा देशको भविष्यमा सिरियाली भूमिका समावेश गर्ने वास्तविक योजना छ कि छैन भन्ने कुरा स्पष्ट छैन। तर, सिरियाली हस्तक्षेपको उल्लेखले मात्र लेबनानमा त्यो देशको लामो समयदेखिको कब्जालाई उजागर गर्छ।

वास्तवमा, सन् १९९१ मा लेबनानी गृहयुद्धको अन्त्य भएको समयमा सिरियाले लेबनानमा पूर्ण राजनीतिक, सैन्य र आर्थिक प्रभुत्व स्थापित गरेको थियो। त्यसपछिका अवधिमा हजारौं लेबनानी बेपत्ता भए। सन् २००५ मा लेबनानी प्रधानमन्त्री रफिक हरिरीको हत्या र त्यसपछि भएको क्रान्तिले सिरियाली सेनालाई लेबनानबाट बाहिर निकाल्न बाध्य तुल्याएको थियो।

*(रेबिज न्युजिल्यान्डको ओटागो विश्वविद्यालयमा राजनीतिशास्त्रकी सह-प्राध्यापक हुन्।)*

***- 'द कन्भर्सेसन' बाट***

सन्दर्भ : क्रिस हानी जन्म दिवस (जून २८)

# अफ्रिकी स्वतन्त्रता आन्दोलनका योद्धा तथा कम्युनिस्ट नेता क्रिस हानी – २

यहाँसम्म आइपुग्दा क्रिस हानीको सैद्धान्तिक दृष्टिकोण क्रमश: प्रस्ट हुँदै गयो । कामाटादेखि एलिससम्मको यात्राबाट उनले धेरै कुरा सिकेका थिए ।

हानीले भने, “अब मैले धेरै काला श्रमिक देखिसकेँ । शोषणको निर्मम रूप देखेँ । दासको जस्तो ज्याला, मजदुरको अधिकारविहीन अवस्था भोगेँ । यस परिस्थितिमा मलाई समाजवादप्रतिको अपिल ज्यादै व्यापक लाग्यो । श्रमिकले धन सिर्जना गर्छ तर अन्त्यमा उनीहरूको हातमा लाग्छ शून्य ! उनीहरूले खानका लागि चनाबाहेक केही पाउँदैनन् र आधा पेट खाएर पुँजीपतिका लागि काम गर्छन् ।

यो मेरो सामान्य बुझाइ थियो । मेरो आफ्नै भोगाइसँगै सिद्धान्त नि:सृत सामान्य बुझाइ । मैले मजदुर आन्दोलनलाई सिद्धान्तकै रूपमा बुझेको थिइनँ ।”

फोर्ट हायरमा कानुनको पढाइ टुङ्ग्याएपछि क्रिस हानीले सेफर एन्ड सेफर (Schaeffer and Schaeffer) मा कानुनी अभ्यास गर्न थाले । पातलो कार्पेट बिछ्याइएका अँध्यारा काठे कोठाहरू र खात पारेर राखिएका छालाको गाता हालिएका बाक्लाबाक्ला पुस्तकहरूबिच उनले आफ्नो दीक्षा प्रयोग गर्दै गए । तर, त्यतिमा हानीले चित्त बुझाउन सकेनन् । २१ वर्षको उमेर ( सन् १९६२) मा उनी आफ्ना पितासँग बस्न केपटाउन गए ।

त्यहाँ उनका बुबा निर्माण मजदुर थिए । उनका बुबा गिल्बर्ट स्थानीय लाङ्गाका बासिन्दाहरूको सङ्गठनका निर्वाचित अध्यक्ष थिए । उनको सक्रियता स्थानीय प्रशासनलाई मन परेको थिएन । त्यसकारण, गिल्बर्ट र उनका साथीहरू प्रशासनबाट बरोबर सताइन्थे ।

केपटाउनमा अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको सङ्गठन बलियो थियो । अखिल अफ्रिकी काङ्ग्रेसको स्थापनापछि राष्ट्रिय काङ्ग्रेसले नयाँ चुनौतीहरू सामना गर्नुपर्यो । विशेषत: विद्यार्थीहरू अखिल काङ्ग्रेसलाई समर्थन गर्थे । कहिलेकाहीँ राष्ट्रिय काङ्ग्रेस र अखिल काङ्ग्रेसका समूहबिच झडपसमेत हुने गर्थ्यो ।

हानी राष्ट्रिय काङ्ग्रेसको केप प्रान्तका प्रमुख गोभान एम्बेकीको निर्देशनमा काम गर्थे । केपटाउनको राजनीतिक वातावरणमा उनलाई त्यहाँको मजदुर सङ्गठन एवम् राजनीतिक क्रियाकलापमा सक्रिय बन्न धेरै समय लागेन । प्लिइन सहरको तयारी खाना उत्पादन गर्ने मजदुर सङ्गठनका मजदुरहरूकहाँ उनी बरोबर गइरहन्थे । त्यसक्रममा हानीको ओस्कार एम्पिथा (Oscar Mpetha), एलिजाबेथ माफिकेङ (Elizabeth Mafikeng), रे अलेक्सान्द्र (Ray Alexander) र ज्याक सिमन्स ( Jack Simons) लगायत मजदुर आन्दोलनका अगुवाहरूसँग भेटघाट भयो ।

अध्ययनशील स्वभावका हानी ‘नयाँ युग’ पत्रिकाको कार्यालयमा पुगिरहन्थे । प्लिइन सहरमा पनि त्यसको कार्यालय थियो । ब्राइन बन्टिङ त्यसका सम्पादक थिए । कालान्तरमा वान्की अभियान (The Wankie Campaign) को क्रममा सहयोद्धा जेम्स अप्रिलसँग पनि केपटाउनमा नै हानीको पहिलो परिचय भएको थियो ।


सन् १९६२ मा सरकारी दमनचक्र अझ पेचिलो बन्यो । तथापि, त्यतिञ्जेल प्रतिबन्ध लगाई नसकेको दक्षिण अफ्रिकी मजदुर काङ्ग्रेस (SACTU) को नाममा हानी सक्रिय थिए । त्यही वर्ष नवगठित एमकेका कमान्डर-इन-चिफ नेल्सन मन्डेला देश दौडाहाको क्रममा केपटाउन पुगे । गायिका टिसावे (Gayika Tsawe) नामको वैद्यको घरमा भएको बैठकमा मन्डेलाको प्रभावशाली र गम्भीर भाषणबाट प्रभावित भएर सहभागीहरू सशस्त्र सङ्घर्षमा जानुपर्नेमा सहमत भए । त्यहीँबाट एम-योजना (The M-Plan) पारित गरियो । बैठकले एमकेको क्षेत्रीय समिति गठन गर्यो । त्यहीँ समितिले ११ ओटा प्रमुख स्थानहरूमा सङ्गठन विस्तार गर्यो ।

क्षेत्रीय समितिको आयोजनामा केपटाउनबाट ५० किमि पर एउटा गाउँको घर भाडामा लिई तालिम सञ्चालन हुन थाल्यो । त्यहाँ बारुद कसरी बनाउनेजस्ता तालिम दिइन्थ्यो । यस्ता तालिम सँगसँगै प्रशिक्षार्थीहरूले विभिन्न क्रान्तिकारी कृतिको अध्ययन पनि गर्थे । उनीहरू ज्याँ पल सात्रको ‘पर्खाल’ (Wall) र चे ग्वेभाराको ‘गुरिल्ला युद्ध’ (Guerilla Warfare) पढ्थे । एकदिन सुराकीको आधारमा प्रहरीले उनीहरूलाई गिरफ्तार गर्यो । प्रहरीलाई झुक्याएर उनीहरू घण्टाभरमै रिहा हुन सफल भए । तालिममा प्रशिक्षार्थीहरूलाई कसरी हमला गर्ने, टेलिफोनको लाइन कसरी विच्छेद गर्ने र पेट्रोल बम कसरी प्रहार गर्नेबारे प्रशिक्षण दिने क्रम चालू रह्यो ।

पश्चिम केपटाउनको क्षेत्रीय समितिको माथिल्लो गोप्य समितिमा सात सदस्य हुन्थे । त्यसको लागि हानी पनि निर्वाचित भए । घुसपैठ हुन नदिन र गोप्यता कायम राख्न यो समितिबारे तल्लो समितिलाई समेत जानकारी दिइँदैनथ्यो । हानीको रुचि क्रमश: कानुनी अभ्यासबाट राजनीतितर्फ केन्द्रित हुन थाल्यो । उनी फूटबल, रग्बी र क्रिकेटमा चाख राख्थे । युवाहरूबिच खेलकुद समूहहरू गठन गरी राष्ट्रिय काङ्ग्रेसको विचार प्रचार गर्थे ।

हानी दिउँसो सङ्गठन निर्माण र विस्तारमा लागिपर्थे भने राति प्रशासनलाई हायलकायल पार्न टेलिफोन लाइन काट्नेजस्ता भूमिगत गतिविधि गर्थे । राज्यस्तरको दमनविरुद्ध सशस्त्र हमलाको लागि आवश्यक बारुद र डाइनामाइट केपटाउनबाट २५ किमि पर पर्ने बेलभिल्ले क्वारीस्थित पार्टी एकाइले आपूर्ति गर्थ्यो । सरकारविरुद्ध आक्रोशित केपटाउनका जनताको रिस साम्य पार्न त्यहाँको काला जाति हेर्ने प्रशासनले लाङ्गामा सभाको आयोजना गर्यो । राष्ट्रिय काङ्ग्रेसका कार्यकर्ताले मातान्जिमा नामका प्रशासक बसेकै ठाउँमा अग्नि उत्सर्जक राखेका रहेछन् । मातान्जिमाको ज्यान मुस्किलले जोगियो । प्रशासनले ९० दिने आपत्काल घोषणा गर्यो । शङ्काको भरमा जोकोहीलाई गिरफ्तार गर्ने अधिकार प्रहरीलाई दिइयो ।






सिबेको, हानी, फाल्दोन जोन्की र जेम्स ट्येकू आदि मिलेर गोप्यरूपमा हाते पर्चा छापे । सरकारले लागू गरेको दमनकारी कानुनको विरोध गर्दै पर्चामा राष्ट्रिय काङ्ग्रेसले सशस्त्र सङ्घर्ष गर्नुका कारण माथि प्रकाश पारिएको थियो । पर्चा वितरणको क्रममा हानी र अरू साथीहरू पक्राउ परे । ३० दिनसम्म उनीहरू कारागारमा थुनिए । कारागारमा उनीहरूले आफू अपराधी नभई राजनीतिक बन्दी भएकाले त्यसैअनुसार व्यवहार गर्न माग राखी सङ्घर्ष गरे । फलत: उनीहरूलाई पुस्तक, पत्रपत्रिका र खानाको उचित व्यवस्था गरियो ।

दक्षिण अफ्रिकाभरि प्रहरीको निगरानी बढेको थियो । तर, हानी र उनका साथीहरूले प्रहरीको कम ध्यान जाने छिद्रहरूको उपयोग गर्थे । केपटाउनबाट जोहान्सबर्ग जाँदा उनीहरू प्रायश: दोस्रो दर्जाको रेलको डिब्बामा जान्थे । त्यहाँ प्रहरीको त्यति ध्यान पर्दैनथ्यो ।

सन् १९६० मा राष्ट्रिय काङ्ग्रेसमाथि प्रतिबन्ध लागेपछि १९६२ मा काङ्ग्रेसको पहिलो भूमिगत सम्मेलन भयो । लोबास्से भन्ने ठाउँको एउटा घरमा गोप्यरूपमा त्यो सम्मेलन भएको थियो । सम्मेलनले भूमिगत सञ्जाल विस्तार र सशस्त्र सङ्घर्षको रणनीति कार्यान्वयन गर्नेबारे व्यापक छलफल गर्यो । सम्मेलनले केपटाउनको गतिविधिलाई थप गति दियो । तर, केपटाउन पुग्दा नपुग्दै हानी र सिबेको माथि अर्को आपत् आइपर्यो । प्रहरीले उनीहरूको खोजी तीव्र पार्यो । हानीसहित चारजनाविरुद्ध मुद्दा लाग्यो । पार्टीले चारैजनालाई प्रवासमा पठाउने निर्णय गर्यो । यद्यपि, प्रवास जाने कार्यकर्ता अविवाहित हुनुपर्ने नियम थियो । तर, हानीबाहेक तीनजना विवाहित थिए । सन् १९६३ फेब्रुअरीमा उनीहरूविरुद्ध सजायको फैसला भयो । चारजना दुई समूहमा विभाजित भएर भूमिगत हुनुपर्यो । हानी र सिबेको एकै समूहमा भूमिगत भए ।

**सोभियत सङ्घमा**

अनेक दु:खकष्ट झेल्दै उनीहरू अरू झन्डै ४० जना सहयोद्धाहरूसँगै उत्तरी रोडेसिया (जाम्बिया) पुगे । जाम्बियामा उनीहरूलाई केनेथ काउन्डाको एकीकृत राष्ट्रिय स्वाधीनता पार्टी (UNIP) ले सहायता गर्यो ।

तान्जानियाको राजधानी दार-ए-सलाममा उनीहरूको जेमन हादेबे र ओर ताम्बोसँग भेट भयो । हानी र सिबेको जाम्बिया हिँडेपछि क्षेत्रीय समितिको नेतृत्व लुक्सस्मार्ट एनगुडल (Looksmart Ngudle) ले लिए । तर, सबै भूमिगत सञ्जाल छताछुल्ल भयो । पछि लुक्सस्मार्ट गिरफ्तार भए । उनलाई कारागारमा निर्मम यातना दिइयो र धागोको सानो डोरोमा झुन्डिएर मरेको भनियो । गोभान एम्बेकी पनि पक्राउ परे ।

जाम्बियाबाट ३० जनाको टोलीसहित क्रिस हानी सोभियत सङ्घ पुगे । टोलीका अधिकांश सदस्यको निम्ति त्यो पहिलो विदेश यात्रा थियो । रङ्गभेदको चर्को मार खेपेका दक्षिण अफ्रिकी युवाहरू गोरा वर्णका रुसीहरूको स्वागत पाएर खुसी थिए । रुसीहरूको व्यवहारले उनीहरूलाई जातिभेद नभएको समाज निर्माण गर्नमा थप दृढ निश्चयी बनायो ।

जाम्बियाबाट सुडान हुँदै कायरोको छोटो बसाइँपछि उनीहरू मस्को पुगेका थिए । त्यतिबेला सन् १९६२ अक्टोबरको क्युवा मिसाइल सङ्कटमा दुस्साहस प्रदर्शन गरेको भन्दै खुश्चेभ चर्को आलोचनाको तारो बनेका थिए । सन् १९६२ मा अन्नबाली सखाप भएपछि सन् १९६३ मा खुश्चेभको स्थान लियोनिड ब्रेजनेभले लिएका थिए ।

कम्युनिस्ट पार्टीमा आबद्ध भएको भर्खर दुई वर्ष भए तापनि हानीले समाजवाद र मार्क्सवादबारे धेरै अध्ययन गरिसकेका थिए । सोभियत सङ्घ पुगेपछि समाजवाद र मार्क्सवादप्रति उनको निष्ठा अझ बलियो भयो । तत्कालीन सोभियत सङ्घ संसारका कम्युनिस्टहरूलाई जस्तै हानीलाई पनि मुसलमानहरूको मक्का र इसाईहरूको भ्याटिकन सिटीसरह थियो । लेनिनको देश पुग्नु गौरवको विषय थियो ।

चरम गरिबीको मार झेलिरहेका हानी र उनका कामरेडहरूको निम्ति मगन्ते र गरिबी नभएको सोभियत सङ्घ अत्यन्त नौलो थियो । त्यहाँ शिक्षा र स्वास्थ्योपचार नि:शुल्क भएको थाहा पाउँदा उनीहरू चकित परेका थिए । ती सबै समाजवादी क्रान्तिका परिणाम थिए । सोभियत समाज आफ्नै आँखाले देखेपछि पश्चिमा साम्राज्यवादीहरूका प्रचारबाजी झूटा भएको उनीहरूले थाहा पाए ।

मस्को पुगेपछि उनीहरूको स्वास्थ्य परीक्षण गरियो । सबैलाई लुगा, जुत्ता, लामो कोट, झोला, सफा ओछ्यान, सिरानी र कोट-पाइन्ट दिइयो । उनीहरूको दैनिक भत्ता २५ रुबल थियो । उनीहरूको तालिम तुरुन्त सुरु भयो । राजनीति, समाजवादको सिद्धान्त, अर्थ-राजनीति र दक्षिण अफ्रिकाको राष्ट्रिय मुक्ति सङ्घर्षबारेमा कक्षाहरू हुन्थे । उनीहरूलाई छापामार युद्धकलाको तालिम दिइयो ।

प्रशिक्षणालयको नियम कडा थिए । विस्फोटक पदार्थसम्बन्धी तालिममा उनीहरूले आफूलाई सफासुग्घर राख्नुपर्थ्यो । भान्छाकोठाको चिनी र काठको धुलोले कस्ताकस्ता काम हुनसक्छन् भन्ने बुझ्न उनीहरूले ती वस्तुका नयाँनयाँ आयामहरू देखे । सानो गल्तीले पनि ठुलो क्षति हुन सक्थ्यो । उनीहरूलाई वाकीटाकीबाट गुरिल्ला टोलीबिच खबर आदानप्रदान गर्ने, रेडियो र हातहतियारको व्यवस्थापनबारे तालिम दिइयो । भौगोलिक अध्ययन उनीहरूले सिक्नुपर्ने अर्को विषय थियो । सुरुमा त्यस्ता तालिम ओडीसीमा चल्थे । तर, अफ्रिकाका अन्य देशहरूका मुक्ति योद्धाहरू बढ्न थालेपछि क्रिमियाको पेरेभाल्नोयेमा छुट्टै तालिम केन्द्र स्थापना भयो ।

न्यानो कोठामा प्रशिक्षार्थीहरू प्रशिक्षकका कुरा ध्यान दिएर सुन्थे । दक्षिण अफ्रिकामा सिकेका कुराले मात्र त्यहाँ काम चल्दैनथ्यो । विषयवस्तुको गहिराइमा पुग्नुपर्ने अथवा बुझ्नुपर्ने हुँदा कतिपय कार्यकर्तालाई धेरै कुरा ‘फलामको चिउरा’ जस्तै हुन्थ्यो । तर, हानीको बुझ्ने क्षमता बढी थियो । दिनभर सिकाइएका कुरा राति आफ्ना सहपाठीहरूलाई सरल भाषामा बुझाउँथे ।

तालिमको क्रममा कतिबेला उनीहरूलाई घना जङ्गल र मानव बस्ती नभएका उजाड ठाउँमा पुर्याइन्थ्यो । तालिम सैनिक विषयमा मात्र सीमित नभई सामाजिक तथा सांस्कृतिक विषयमा पनि हुन्थ्यो । उनीहरूलाई सोभियत सरकारद्वारा सञ्चालित कलकारखाना र ग्रामीण क्षेत्रको भ्रमणमा लगिन्थ्यो । यसले समाजवादका व्यावहारिक पक्षबारे बुझ्न उनीहरूलाई सहज हुन्थ्यो ।

तालिम केन्द्रमा एकदिन मोजेस कोटानी दु:खद समाचार लिएर आए । एमकेका अधिकांश कार्यकारी समिति सदस्यहरू १९६३ जुलाई ११ मा गिरफ्तारीमा परेको समाचार थियो । जोहान्सबर्ग, रिभोनियास्थित लिलिसलिफमा उनीहरूलाई छापामार युद्धको चाँजोपाँजो मिलाएको र साम्यवादी राजनीतिमा लागेको अभियोगमा गिरफ्तार गरिएको थियो ।

***स्रोत : स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा***

# भेनेजुयलामा भूकम्प, २३५ जनाभन्दा बढीको मृत्यु



ला गुआइरा (भेनेजुयला), २६ जून (एएफपी)। उत्तरी भेनेजुयलामा बुधबार राति एक मिनेटभन्दा कम समयको अन्तरमा आएका दुई शक्तिशाली भूकम्पले व्यापक जनधनको क्षति पुर्‍याएको छ। कम्तीमा २३५ जनाको मृत्यु भएको छ भने करिब चार हजार ३०० जना घाइते भएका छन्। भग्नावशेषमुनि अझै पनि धेरै मानिस फसेको आशङ्का गरिएकाले उद्धार कार्य तीव्र पारिएको छ।

संयुक्त राज्य अमेरिकाको भूगर्भीय सर्वेक्षणका अनुसार ७.२ र ७.५ म्याग्निच्युडका दुई भूकम्पले उत्तरी भेनेजुयलाका भवनहरू भत्किएका, चर्किएका र ढलेका छन्। बिहीबार बेलुकासम्म पनि शक्तिशाली परकम्पहरू आइरहेका छन्।

स्वास्थ्यमन्त्री कार्लोस अल्भाराडोले मृतकको सङ्ख्या २३५ पुगेको जानकारी दिनुभएको छ। घाइतेहरूको सङ्ख्या निरन्तर बढिरहेको र केहीको अवस्था गम्भीर रहेको बताइएको छ।

सबैभन्दा बढी प्रभावित ला गुआइरा राज्यका विभिन्न क्षेत्रमा उद्धारकर्मी र स्थानीय बासिन्दाहरू भग्नावशेष हटाएर जीवित मानिसको खोजीमा जुटेका छन्। धेरै स्थानमा पर्याप्त उपकरण र दक्ष जनशक्तिको अभाव देखिएको छ।

काराकासको उत्तरस्थित एक बस्तीमा एक युवती घण्टौँसम्म उद्धारको प्रतीक्षा गर्दै सहयोगका लागि चिच्याइरहेकी थिइन्। स्थानीय बासिन्दा डानी रिजोले उद्धार टोली र सुरक्षाकर्मीको तत्काल आवश्यकता रहेको बताउनुभएको थियो। केही समयपछि ती युवतीको मृत्यु भएको स्थानीयवासीहरूले जानकारी दिएका छन्।

ला गुआइराका अन्य क्षेत्रमा पनि भग्नावशेषभित्रबाट मानिसहरूको आवाज सुनिएको छ। स्थानीय बासिन्दा एन्टोनियो बर्मुडेजले आवश्यक उपकरण र उद्धार सामग्री नहुँदा असहाय बनेको बताउनुभयो।

डोमिङ्गो लुसियानी अस्पतालका एक चिकित्सकले नाम सार्वजनिक नगर्ने सर्तमा धेरै बालबालिका अभिभावकविहीन अवस्थामा अस्पताल पुगिरहेको जानकारी दिनुभयो। केही बालबालिकाले आफ्नो परिचय दिन सकेका छन् भने केहीको हातमा पहिचानपट्टी बाँधिएको अवस्थामा उनीहरूलाई एम्बुलेन्समार्फत ल्याइएको छ।

एक उद्धारकर्मीले प्रशिक्षित जनशक्ति र आधुनिक उपकरणको अभावले उद्धार अभियान प्रभावित भएको बताए। प्रभावित क्षेत्रलाई विपद् क्षेत्र घोषणा गरिएपछि अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजले ला गुआइराको भ्रमण गर्नुभएको छ।

यसबिच केही स्थानमा खाद्यान्न तथा दैनिक उपभोग्य सामग्रीका पसलहरूमा लुटपाटसमेत भएको एएफपीका पत्रकारहरूले जनाएका छन्। भेनेजुयलाको अन्तर्राष्ट्रिय उद्धार समितिकी निर्देशक निकोल कास्टले अवस्थालाई अत्यन्त विनाशकारी बताउनुभयो।

भूकम्पपछि विश्वका विभिन्न देशहरूले सहयोगको प्रतिबद्धता जनाएका छन्। स्विट्जरल्यान्ड, स्पेन, फ्रान्स, पोर्चुगल र मेक्सिकोले विशेषज्ञ र उद्धार टोली पठाउने घोषणा गरेका छन्।

चीन, भारत, ब्राजिल र युद्धग्रस्त इरानले पनि सहयोगको प्रस्ताव गरेका छन्। पोप लियो चौधौँले प्रारम्भिक एक लाख युरो सहायता घोषणा गर्नुभएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै भेनेजुयलालाई सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता प्रमुख टम फ्लेचरले १२६ वर्षयताकै शक्तिशाली भूकम्पका कारण व्यापक अन्तर्राष्ट्रिय सहयोग आवश्यक पर्ने बताउनुभयो।

उद्धार र राहत कार्यलाई थप जटिल बनाउँदै ला गुआइरास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा गम्भीर क्षति पुगेपछि त्यसलाई बन्द गरिएको छ। मृतकमध्ये दुई ब्राजिलियाली, दुई चिनियाँ, एक इटालेली र एक पोर्चुगाली नागरिक रहेको सम्बन्धित देशहरूले पुष्टि गरेका छन्।

क्यारिबियन र दक्षिण अमेरिकी टेक्टोनिक प्लेटको सीमामा अवस्थित भेनेजुयलाको उत्तरी तट भूकम्पीय दृष्टिले संवेदनशील मानिन्छ। सन् १९९७ मा आएको भूकम्पमा ७३ जनाको मृत्यु भएको थियो भने सन् १९६७ को भूकम्पमा २३६ जनाले ज्यान गुमाएका थिए। सन् १९०० को ७.७ म्याग्निच्युडको भूकम्पपछि अहिलेको ७.५ म्याग्निच्युडको भूकम्पलाई सबैभन्दा शक्तिशाली मानिएको छ।

भूकम्पको धक्का छिमेकी कोलम्बियासम्म महसुस गरिएको थियो। बोगोटाका बासिन्दाहरूले सावधानीस्वरूप भवनहरू खाली गरेका थिए। उत्तरी ब्राजिलका धेरै सहरहरूमा पनि कम्पन महसुस भएको त्यहाँको भूकम्पीय निगरानी निकायले जनाएको छ।

राजधानी काराकासमा पनि त्रासको वातावरण फैलिएको छ। धेरै नागरिकले सडक र गाडीमै रात बिताएका छन्। ६० वर्षीया रिटा गोमेज आफ्नी छोरी बस्ने भवन ढलेको सामाजिक सञ्जालमार्फत थाहा पाएपछि राजधानी पुग्नुभएको थियो।

उहाँले उद्धारका लागि भारी उपकरण परिचालन गरिएको र स्थानीय बासिन्दाहरूले उल्लेखनीय सहयोग गरिरहेको बताउँदै आफ्नी छोरी जीवितै भेटिने आशा अझै कायम रहेको बताउनुभयो।

## विश्व सङ्क्षेप

### मन्दिरबाट चोरी गरेको आरोपमा आठ जना पक्राउ

लखनऊ, २६ जून (एएफपी)। भारतीय प्रहरीले उत्तर प्रदेश राज्यको राम मन्दिरमा चोरी र प्रसादको दुरूपयोग गरेको आरोपमा आठ जनालाई पक्राउ गरेको जनाएको छ।

बिहीबार जारी गरिएको सरकारी विज्ञप्तिमा प्रहरीले मन्दिरका कर्मचारीहरूसहित आठ जनालाई पक्राउ गर्दै चन्दा विवरणमा अनियमितता भएको आरोपमा बिहीबार आपराधिक मुद्दा दर्ता गरिएको जनाएको छ।

तीमध्ये अधिकांश नगद र भक्तहरूले दान गरेको सुन र चाँदीसहितका बहुमूल्य वस्तुहरू गणना वा व्यवस्थापन गर्नमा संलग्न रहेको मिडियाहरूले रिपोर्ट गरेका छन्। मिडिया रिपोर्टहरूले चोरीमा दुई करोड डलरभन्दा बढीको अपचलन भएको हुन सक्ने बताएका छन्।

पक्राउ परेका आठजनामाथि आपराधिक विश्वासघात, चोरी, आपराधिक षड्यन्त्र र भ्रष्टाचारको आरोप लगाइएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले यस विषयलालाई हेर्ने विशेष अनुसन्धान टोली गठन गरेको र कुनै पनि दोषी व्यक्तिलाई नछोडिने प्रतिवद्धता गरेको विज्ञप्तिमा उद्धृत गरिएको छ।

### एलपीजी प्रतिबन्ध हटायो भारतले

नयाँदिल्ली, २६ जून (एएफपी)। मध्यपूर्वमा उत्पन्न युद्धका कारण प्रभावित भएको ऊर्जा आपूर्ति क्रमशः सहज बन्दै गएपछि भारतले व्यावसायिक तरल पेट्रोलियम ग्यास (एलपीजी) मा लगाइएको प्रतिबन्ध हटाएको छ। हर्मुज जलडमरु पुनः सञ्चालनमा आएपछि ऊर्जा आपूर्ति सुधारिएको भन्दै भारत सरकारले सङ्कटकालीन नियन्त्रणहरू अन्त्य गरेको हो।

पेट्रोलियम मन्त्रालयले बिहीबार राति जारी गरेको विज्ञप्तिमा गैर-घरेलु प्याक गरिएको एलपिजीमाथिको प्रतिबन्ध हटाइएको र पश्चिम एसियामा सङ्कट सुरु हुनुअघिकै स्तरमा आपूर्ति पुनःस्थापित गरिएको जनाएको छ। मन्त्रालयका अनुसार सङ्कटको सुरुआतमा रोकिएको बल्क एलपीजी आपूर्तिलाई पनि पूर्ववत् उपभोगको ५० प्रतिशतसम्म पुनः सञ्चालन गरिएको छ।

विश्वकै सबैभन्दा बढी जनसङ्ख्या भएको भारत एलपिजीको दोस्रो ठुलो आयातकर्ता हो। भारतमा प्रयोग हुने अधिकांश एलपिजी मध्यपूर्वी मुलुकहरूबाट आयात हुने भएकाले क्षेत्रीय द्वन्द्वले ऊर्जा आपूर्तिमा प्रत्यक्ष असर पारेको थियो। विश्वको करिब पाँचौँ भाग तेल तथा ग्यास ढुवानी हुने हर्मुज जलडमरु अमेरिका-इरान युद्ध सुरु भएपछि फेब्रुअरीको अन्त्यदेखि प्रभावित बनेको थियो।

इरान र अमेरिकाबिच रणनीतिक जलमार्ग पुनः सञ्चालन गर्ने सहमति भएपछि हर्मुज हुँदै हुने ऊर्जा ढुवानीमा सुधार आएको छ। त्यसपछि भारतले आपूर्ति व्यवस्थालाई क्रमशः सामान्य अवस्थामा फर्काउन थालेको हो।

ऊर्जा सङ्कटका क्रममा सरकारले लाखौँ परिवारले प्रयोग गर्ने एलपिजीको मूल्यसमेत बढाएको थियो। युद्धका कारण आपूर्ति शृङ्खलामा आएको दबाब कम गर्न भारतले गत महिना करिब चार अर्ब अमेरिकी डलर बराबरको कोइला ग्यासीकरण विस्तार योजनासमेत स्वीकृत गरेको थियो।

खाडी क्षेत्रका आपूर्ति मार्गमा आएको अवरोधले भारतको ऊर्जा सुरक्षामात्र नभई, समग्र अर्थतन्त्रमा पनि दबाब सिर्जना गरेको थियो। यसले आर्थिक वृद्धिदरका अनुमानमा समेत असर पारेको थियो। अहिले ऊर्जा आपूर्ति सुधार भएसँगै सरकारले बजारलाई क्रमशः सामान्य अवस्थामा फर्काउने प्रक्रिया अघि बढाएको छ।

# जलवायु परिवर्तनले बढायो युरोपको गर्मी

पेरिस, २६ जून (एएफपी)। युरोपमा यस वर्ष देखिएको रेकर्डस्तरको गर्मीको लहर मानवसिर्जित जलवायु परिवर्तनकै प्रत्यक्ष परिणाम भएको वैज्ञानिकहरूले निष्कर्ष निकालेका छन्। वैज्ञानिकहरूका अनुसार ५० वर्षअघि जुन महिनामा यस्तो अत्यधिक गर्मी आउनु लगभग असम्भव थियो, तर जलवायु परिवर्तनका कारण अहिले यस्ता उष्ण लहरहरू बारम्बार र अझ खतरनाक बन्दै गएका छन्।

विश्व मौसम एट्रिब्युसन समूहले शुक्रबार सार्वजनिक गरेको अध्ययनमा युरोप, अमेरिका र बेलायतका वैज्ञानिकहरूले हालको उष्ण लहरको विश्लेषण गरेका छन्। अध्ययनअनुसार सन् १९७६ मा यस्तै प्रकारको गर्मीको लहर आएको भए तापक्रम अहिलेको तुलनामा करिब ३.५ डिग्री सेल्सियस कम हुने थियो।

अध्ययनका प्रमुख लेखक तथा इम्पेरियल कलेज लन्डनका वैज्ञानिक थियोडोर किपिङ्ले वर्तमान तापक्रम वृद्धि जलवायु परिवर्तनबिनाको अवस्थामा सम्भव नहुने बताउनुभयो। उहाँका अनुसार अहिले पृथ्वी पूर्वऔद्योगिक कालको तुलनामा करिब १.४ डिग्री सेल्सियस तातिसकेको छ, जसको मुख्य कारण कोइला, तेल र ग्यासजस्ता जीवाश्म इन्धनको अत्यधिक प्रयोग हो।

वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनले गर्मीको लहर, खडेरी तथा अन्य चरम मौसमी घटनालाई अझ तीव्र र बारम्बार बनाइरहेको छ। त्यसैले, तापक्रम वृद्धिलाई सीमित गर्नु विश्व समुदायका लागि अत्यन्त आवश्यक रहेको उनीहरूको भनाइ छ।

विश्वमै सबैभन्दा तीव्र रूपमा तातिरहेको महाद्वीप युरोपमा यस साता लाखौँ मानिसहरूले अत्यधिक गर्मीको सामना गरेका छन्। केही देशहरूमा तापक्रमले नयाँ कीर्तिमानसमेत कायम गरेको छ।

विश्व मौसम एट्रिब्युसनका सहसंस्थापक फ्रेडेरिक ओटोले असामान्य मौसम प्रणालीभन्दा पनि मानवसिर्जित तापक्रम वृद्धिले अहिलेको अवस्था सिर्जना गरेको बताउनुभयो। उहाँका अनुसार विगतमा यस्ता तापक्रम अत्यन्त दुर्लभ मानिन्थे।

वैज्ञानिकहरूले सन् २००३ को विनाशकारी युरोपेली गर्मीको लहरसँग पनि अहिलेको अवस्थाको तुलना गरेका छन्। त्यतिबेला युरोपका विभिन्न देशमा दसौँ हजार मानिसको मृत्यु भएको थियो। अध्ययनअनुसार अहिलेको गर्मी सन् २००३ को तुलनामा पनि अझ बढी चरम देखिएको छ।

सन् २००३ मा यस्तै घटना घटेको भए तापक्रम करिब २ डिग्री सेल्सियस कम हुने अध्ययनले देखाएको छ। त्यसबेला यति उच्च तापक्रम निकै दुर्लभ हुने र रातिको अत्यधिक गर्मीको सम्भावना पनि अहिलेको तुलनामा धेरै कम हुने वैज्ञानिकहरूले बताएका छन्।

अध्ययनले पछिल्ला दुई दशकमै तीव्र गर्मीका घटनाहरू दसौँदेखि सयौँ गुणासम्म बढेको देखाएको छ। वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तन यसका लागि स्पष्ट रूपमा जिम्मेवार छ।

एल निनोजस्ता प्राकृतिक मौसमी चक्रले यसपटकको तातो लहरमा महत्त्वपूर्ण भूमिका नखेलेको पनि अध्ययनले उल्लेख गरेको छ।

फ्रेडेरिक ओटोले अत्यधिक तापक्रम र आर्द्रताको संयोजनबाट उत्पन्न हुने 'गर्मी तनाव' लाई विशेष चिन्ताको विषय बताउनुभयो। शरीरको प्राकृतिक शीतलन प्रणाली असफल हुँदा चक्कर लाग्ने, टाउको दुख्ने, अङ्गहरूमा समस्या देखिने र मृत्युसम्म हुन सक्ने खतरा रहने उहाँले बताउनुभयो।

अध्ययनमा समेटिएका युरोपका करिब ८५० सहरमध्ये झन्डै ४५ प्रतिशतले जुन महिनामा आफ्नो इतिहासकै उच्च गर्मी तनावको रेकर्ड तोडेका छन् वा तोड्ने अवस्थामा पुगेका छन्। यसले अहिलेको गर्मीको लहरलाई विशेष रूपमा खतरनाक र असहज बनाएको वैज्ञानिकहरूको निष्कर्ष छ।

यसअघि मे महिनामा पनि युरोपको मध्य तथा पश्चिमी क्षेत्रमा असामयिक गर्मीको लहर देखिएको थियो। यस वर्ष युरोपले छोटो अवधिमै दोस्रो पटक तीव्र गर्मीको सामना गरिरहेको छ।

विश्व मौसम एट्रिब्युसन समूहले भविष्यमा अझ घातक तापक्रम वृद्धि र त्यसका असरबाट बचन जीवाश्म इन्धनको प्रयोगलाई तीव्र रूपमा घटाउनु अपरिहार्य रहेको जनाएको छ।

# ब्यालेस्टिक मिसाइल कार्यक्रमबारे कुनै वार्ता नहुने इरानको स्पष्ट सन्देश

इस्लामावाद, २६ जून (एएफपी)। इरानका राष्ट्रपति मसउद पेझेश्कियनले आफ्नो देशको ब्यालेस्टिक मिसाइल कार्यक्रमलाई राष्ट्रिय सुरक्षाको आधारस्तम्भको रूपमा व्याख्या गर्दै यसबारे कुनै पनि प्रकारको सम्झौता वा वार्ता नहुने स्पष्ट सन्देश दिनुभएको छ।

पाकिस्तान भ्रमणका क्रममा बोल्दै राष्ट्रपति पेझेश्कियनले इरानसँग हाल रहेको मिसाइल क्षमता नभएको भए इजरायल र संयुक्त राज्य अमेरिकाले गाजामा जस्तै इरानमाथि पनि विनाशकारी आक्रमण गर्न सक्ने दाबी गर्नुभयो।

"हाम्रो रक्षा गर्न मिसाइलहरू नभएको भए इजरायल र अमेरिकाले गाजामा जस्तै इरानमाथि पनि दया नगरी हमला गर्थे," उहाँले भन्नुभयो। उहाँले इरानको मिसाइल कार्यक्रम पूर्ण रूपमा प्रतिरक्षात्मक उद्देश्यका लागि विकसित गरिएको दाबी गर्दै यस विषयमा कुनै पनि परिस्थितिमा वार्ता नगर्ने बताउनुभयो।

इरानमाथि लामो समयदेखि अमेरिका तथा पश्चिमी मुलुकहरूले यसको मिसाइल कार्यक्रम र परमाणु गतिविधिमाथि नियन्त्रणको माग गर्दै आएका छन्। तर, तेहरानले आफ्नो रक्षा क्षमतामाथि बाह्य हस्तक्षेप स्वीकार्य नहुने अडान दोहोर्‍याउँदै आएको छ।

पेझेश्कियनले पछिल्ला वर्षहरूमा अन्तर्राष्ट्रिय दबाब, प्रतिबन्ध र क्षेत्रीय सुरक्षा चुनौतीहरूका बिच इरानले आफ्नो मिसाइल कार्यक्रमलाई 'आवश्यक प्रतिरक्षात्मक छाता' का रूपमा विकास गरेको उल्लेख गरे। उहाँका अनुसार राष्ट्रिय सुरक्षासँग जोडिएको विषयमा कुनै सम्झौता सम्भव छैन।

राजनीतिक विश्लेषकहरूका अनुसार पेझेश्कियनको यो अभिव्यक्तिले इरानको नयाँ नेतृत्वले पनि पूर्ववर्ती सरकारहरूको सुरक्षा नीतिलाई निरन्तरता दिने सङ्केत गरेको छ। विशेषगरी गाजामा जारी युद्ध र मानवीय सङ्कटको उदाहरण प्रस्तुत गर्दै उनले इजरायल र अमेरिकाप्रति इरानको अविश्वासलाई थप स्पष्ट रूपमा अभिव्यक्त गरेका छन्।

मध्यपूर्वको शक्ति सन्तुलनमा इरानको मिसाइल कार्यक्रमलाई महत्त्वपूर्ण कारक मानिन्छ। इजरायल तथा खाडी क्षेत्रका केही देशहरूले यसलाई सुरक्षा चुनौतीका रूपमा हेर्ने गरेका छन् भने इरानले यसलाई आफ्नो सार्वभौमिकता र भौगोलिक अखण्डता जोगाउने न्यूनतम प्रतिरक्षात्मक आवश्यकता भएको बताउँदै आएको छ।

पेझेश्कियनको पछिल्लो अभिव्यक्तिले निकट भविष्यमा इरानको मिसाइल कार्यक्रमबारे हुने कुनै पनि अन्तर्राष्ट्रिय वार्ताको सम्भावना झनै कमजोर बनाएको विश्लेषण गरिएको छ। साथै, यसले इजरायल-इरान तनाव र अमेरिकासँगको जटिल सम्बन्धमा नयाँ बहसको सुरुआत गर्ने देखिएको छ।

कविता

# सुन्दर सपना बनाउन आन्दोलन

✍ माया

आन्दोलन के हो ?
जनतालाई थाहा नभएको हो र ?
सुन्दर सपना बनाउन आन्दोलन हो
देश जलाउनेहरू
आन्दोलनकारी कसरी होलान् ?
देश जलाउनेहरू त देशद्रोही हुन्
देश खरानी बनाउनेहरू
आन्दोलनकारी कसरी होलान् ?

तपाईं हामी सबैलाई थाहा छ
भदौ २३ गते
निहत्था जनतालाई गोली हान्ने को को हुन् ?

तपाईं हामी सबैलाई थाहा छ
भदौ २४ गते
देशभरि आगो लगाउनेहरू को को हुन् ?
देशद्रोही को को हुन् ?
जेलमा थुन्नुपर्ने को को हुन् ?
तपाईं हामी सबैलाई थाहा छ

**२०८३ असार १२**

# कालो चस्मा !

✍ साहिँला

कालो चस्मा कालै मन
बालेन सरकारको
व्यवहार उसको हेर
धूर्त पाराको ।

सवारी रवि भए
दिल्ली दरबारमा
नेपालले भारत मिचेको
लाइसेन्स दिनलाई ।

७१ ठाउँमा ६० हजार हेक्टर
भारतले मिचेको
ढाकछोप गर्न बोले हेर
रिझाउन मालिकलाई ।

देशघाती भए हेर
घण्टी बजाउँदै
विस्तारवादी मोदी भने
मख्ख पर्दै ।

कालापानी लिम्पियाधुरा
लिपुलेक हाम्रै हो
भन्ने आँट मुटुमा रहेन
पाउ मोल्न गएकाको ।

विदेशीको कठपुतली
जनघाती सरकार
देश र जनताभन्दा
मालिक नै प्यार ।

# जलवायु परिवर्तन

✍ चन्द्रलाल भोमी

अनुभव नै काफी थियो पहिला
मौसम विज्ञान कुर्नु पर्दैनथ्यो
असारको रोपाइँ होस् या
मङ्सिरको दाइँ
मिन पचासको जाडो होस् या
चैत वैशाखको टन्टलापुर घाम
प्रकृतिसँग मेल खाएकै हुन्थ्यो
जीवन चर्याको जीवन चलेकै हुन्थ्यो
तर अचेल फरक छ
प्रकृति बदलिएको छ
आकाशले साथ छोडेको छ
हिमाल होचो हुँदै गएको छ
अस्वाभाविक राप र ताप चर्केको छ
थोरै वर्षाले पनि बाढी ल्याउँछ
गाउँ बगाउँछ
सहर डुबाउँछ
छिनमा चर्को घाम
छिनमा मुसलधारे वर्षा
समय अनियमित छ
प्रकृति प्रतिकूल छ
मान्छे सजग हुनुपर्छ अब
पहल सबैको हुनुपर्छ अब
मौसम फेरि मौसमजस्तो हुनुपर्छ
समय फेरि नियमित हुनुपर्छ
प्रकृति फेरि अनुकूल हुनुपर्छ
जीवन फेरि जीवनजस्तो हुनुपर्छ ।

# असारे भाका

✍ सुनिता गाइसी

असारे भाका गुञ्जिने दिन
आउने कहिले हो
धानका ब्याड, आली र कान्ला
हिलाम्य हुने हो ।



खेतमा हेर धानका बीउ
लहलह हुँदै छन्
किसानहरू आकाश हेरी
माटो मिलाउँदै छन् ।

गड्याङगुडुङ आकाशतिर
बादल दौड्दै छ ।
चराहरू आफनो गन्तव्यतिर
बेगले उडदै छन् ।

किसानका मुहार खुसीले
होला हँसिलो देख्दै छु
रोपाइँ गर्न कोदाली बोकी
खेततिर धाउँदै छन् ।

पहिला पहिला असारसँगै
असारे भाका
सुनिन्थ्यो जता नि
अब त ती नौला भए
गुञ्जिन छोडे नि ।

# कामदार काले दाइको दर्दको आवाज !

✍ न्हुछेरत्न वुद्धाचार्य

*आँसु आँसु बगाएर*
*बाँचिरहेकाहरूको साथमा*
*दासताबाट मुक्त हुन*
*सङ्घर्ष गरिरहेका*
*चेतनशील ज्यामी !*

*आफ्नो छाला कालो पारेर*
*पिठ्युँमा खर्पनको दाग पारी*
*भोकको वेदनाले सताएर*
*घाउ घाउ भएर तड्पिरहेका*
*पीडित मानव !*

*कुटो कोदालोको पसिना*
*हजारौँको श्रमको मोती दाना*
*भक्षकहरूले चुसिराखेको*
*आफ्नो रगत पसिना*
*फिर्ता लिन विद्रोह गरिरहेका*
*कामदार काले दाइ !*

*तर, यो वर्तमानमा*
*विरोधको आवाज*
*उठिरहेको बस्तीमा*
*घाउ घाउबाट निस्केको स्वरले*
*मर्का, असन्तुष्टि, अभावहरूको*
*विस्फोटनका मागहरू उठिरहेका छन्*

*अनि आँखाले देख्छ आँखाको जवाफ*
*मनमा बिझ्छ, मनको आवाज*
*मरी मरी बाँचेर*
*माटोमा लडिबुडी श्रम गरिरहेकाहरू*
*पाखा पर्वत चढेर दुःख कष्ट भोगिरहेकाहरूको*
*एक एक झुपडीबाट उठेको*
*दर्द भरिएको करुण स्वरले*
*परिवर्तनको झिल्को देखापर्छ*

*अनि,*
*प्रत्येक ज्यामीहरूको*
*तपस्या सपना पूरा गर्न*
*मुक्तको आवाजले*
*उन्मुक्त भएर निस्केको शक्तिले*
*नव जन जागरणको दिन शुभारम्भ भएर*
*यो धरती र आकाशमा उज्यालो हुनेछ ।*

लघु कथा

# तकियामुनिको सर्प

✍ बचु यादव

"भैया, यसपालि त आँप बहुत राम्रो फलेको छ । तर, मनसुन भित्रेर रोपाइँ गर्ने बेला भइसक्यो है । घरमा मल एक गेडो छैन । यी सरकारहरू त तकियामुनिका सर्पजस्ता छन् । रोपाइँको सिजनमा कहिले पनि मल हुँदैन । यिनीहरू त कृषिप्रधान देशका किसानलाई डस्ने तकियामुनिका सर्पहरू हुन् । उनीहरूलाई किसानले चिन्न सकेनन्, देखेनन् । त्यसैले उनीहरूलाई चुनावमा जिताएर बहुमत र दुईतिहाइ बहुमतको सरकारमा पुऱ्याए । देशमै राम्रो सिँचाइ र मल कारखाना खोलेर आत्मनिर्भर बन्न कसैले आँटै गरेनन्, वास्तै गरेनन् । होइन भैया ?" सप्तरीको राजविराज नजिकै आँपबारीमा पाकेका आँप टिप्दै गरेका किसानले अर्को त्यस्तै आँप टिप्न सघाइरहेका किसान भैयालाई भने ।

'बहुत अच्छा बात हो ।' उनको कुरा सुनेपछि त्यस्तै आँप टिप्न सघाइरहेका अलिअलि पढे लेखेका, देश र विदेशको परिवर्तन र घटनाक्रमबारे अलिअलि जानेका किसान भैयाले उनको विचारलाई समर्थन गर्दै भने, 'भैया, त्यस्ता सर्पहरू त हाम्रो टोल, समाज देशमा पनि लुकेर बसेका हुन सक्छन् । त्यस्ता सर्पहरूले अस्ति हाम्रो देशको सम्पत्ति, सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन, राष्ट्रपति भवनलगायत देशका पालिका, प्रहरी चौकीहरूलाई एकै पटक डसे । त्यस्ता सर्पहरूले कुनै बेला देशभक्त दल र नेताहरूलाई डस्न सक्छन् । अब त्यस्ता तकियामुनिका सर्पहरूले देशलाई नै डसे भने आश्चर्य मान्नु पर्दैन । त्यस्ता सर्पहरूलाई बेलैमा चिन्नु, सतर्क र सचेत हुनु आवश्यक छ ।

उनले फेरि थपे,'अझ गम्भीर बात तो भैया, विदेशको छ, विश्वको छ । लेन्डुप दोर्जेले सिक्किमलाई डसे । नेतन्याहुले प्यालेस्टिनलाई डसे । जेलेन्सकीले युक्रेनलाई डसे, रुसलाई डस्दै छन् । सद्दाम हुसेन, कर्णेलगडाफी, अफ्रिकी, ल्याटिन अमेरिकी देशभक्त नेताहरू, लेनिन, स्तालिन, क्युरोभ आदिलाई डसे । कुनै बेला हाम्रो देशलाई डस्न सात समुद्रपारिका खतरनाक, हिंस्रक सर्पहरू दाह्रा र जिब्रो निकालेर हाम्रो देशतिर फण फैलाएर कसिरहेका छन् । यिनीहरूबाट हामो देशलाई जोगाउन चुच्चे नक्साको बेलामा जस्तो हामी सबै नेपाली जनता एक ढिक्का भई सचेत र सजग हुनु आवश्यक छ होइन भैया ? सही बात, भैयाको बात तो बहुत गम्भीर छ भन्दै आँप टिप्ने काम सकाएर दुबै घरभित्र पसे ।

कथा

# एउटा सरकारी वकिलको कार्यालय

एकादेशमा एउटा सरकार थियो । सरकारको नेतृत्व गर्नेहरू बरोबर परिवर्तन हुन्थे । तर, अत्याचार उस्तै हुन्थ्यो । त्यो देशको राजधानी सहरमा बस्ती बाक्लिँदै थियो । छिमेकी देशबाट गाडी पनि आयात बढ्यो । ती गाडी आयातसँगै निजी र सार्वजनिक यातायातको चाप पनि बढ्यो र सँगसँगै दुर्घटना पनि बढ्यो ।

सवारी दुर्घटनामा मानिसहरूको कोही किच्चिएर, कोही ठोक्किएर घाइते वा मृत्यु हुन्थ्यो । सवारी दुर्घटनामा मानिस घाइते वा मरेमा प्रहरी प्रतिवेदनको आधारमा सरकारी वकिलले चालकविरुद्ध जिल्ला अदालतमा फौजदारी मुद्दा दर्ता गर्थ्यो । सवारी चालकको पक्षबाट दुर्घटनामा घाइते भएकालाई उपचार गरिदिने र मृत्यु भए सरकारको कानुनी व्यवस्थाबमोजिम केही लाख रूपैयाँ र थप केही लाख रूपैयाँ क्षतिपूर्ति हुन्थ्यो । यसरी पीडित पक्षसँग मिलापत्र हुने र सवारी चालक पुर्पक्षको लागि कारागारमा बस्न नपर्ने सवारी दुर्घटनाको परम्पराजस्तै थियो । नजराना प्रशस्त बुझाउने सवारी चालकहरू पीडितसँग मिलापत्र नभएसम्मको अवधिका लागि प्रहरी थुनामा बस्न नपर्ने बरु सांसद र मन्त्रीको भाग भएको निजी अस्पतालमा बिरामीको निहुँमा भर्ना हुन पुग्थे । गरिब चालकहरू मात्र पीडितसँग क्षतिपूर्तिसहित मिलापत्र नभएसम्मको लागि प्रहरी थुना वा कारागारमा बास बस्नुपर्ने पक्षपात त्यहाँ स्वाभाविक हुन्थ्यो ।

एउटा आश्चर्य, प्रहरी प्रतिवेदन तयार गर्ने प्रहरी र फौजदारी मुद्दाको व्यहोरा लेख्ने सरकारी वकिललाई मुद्दा दर्ता हुनुअगाडि सवारी चालक पक्षले केही नगद नजराना चढाउने परम्पराजस्तै थियो । अदालतका न्यायमूर्तिसम्म त्यसको भाग पुग्ने नपुग्ने पारदर्शी थिएन । त्यसरी नजराना चढाइएमा सरकारी वकिलबाट चालक पुर्पक्षको लागि थुनामा जान नपर्ने सेटिङमा ऐनको दफा उल्लेख हुन्थ्यो, त्यसो नभए पीडित पक्षसँग क्षतिपूर्तिसहित मिलापत्र गरिए पनि चालक पुर्पक्षको लागि कारागारमा बस्नुपर्ने आदेश अदालतबाट हुन्थ्यो ।

प्रहरी अधिकृत र सरकारी वकिलको सेवामा प्रवेश गर्नेहरू "केही वर्ष जागिर खाने, पीडक र पीडित दुबैलाई पालैपालो बोलाएर नजराना वा कारागार भनी तर्साउने, दुवै पक्षसँग नजराना लिने, राजधानी वा जिल्ला सदरमुकाममा जग्गा, घर र कार जोड्ने अनि जागिर छोड्ने" हाकाहाकी भन्थे ।

महिलालाई दुर्व्यवहारसम्बन्धी विषयमा पनि सरकारी अस्पतालमा महिलाको स्वास्थ्य परीक्षण गराउनु पर्थ्यो । यहाँ पनि स्वास्थ्य परीक्षकले मिलेमतोमा लाखौँलाख रूपैयाँ असुल्थे । समाजका केही जालीफटाहाहरूको धन्दा नै यौन दुर्व्यवहारको मुद्दा खडा गराई बिचौलिया भाग खानु हुन्थ्यो ।

वैदेशिक रोजगारीमा केटा वा केटीलाई निर्भरतामा विदेश पठाउने र पछि सम्बन्ध विच्छेद गराउनेहरू पनि समाजमा धेरै थिए । अदालती विवाह भइसकेकाहरूको सम्बन्ध विच्छेद सजिलो थिएनन् । केटा पक्षको अंश भाग लिएर मात्र सम्बन्धविच्छेद हुने घटनाहरू पनि धेरै थिए ।

सरकारका प्रहरी, सरकारी वकिल, अदालतको मिलेमतोमा फौजदारी मुद्दा फितलो बनाइने नभए कारागारको बास हुने भुक्तभोगीहरू बताउँथे । सरकारमा पालैपालो जो आए पनि त्यसप्रकारको भ्रष्टाचार रोकिएको थिएन । त्यो देशमा जनता आजित थिए । सरकारका पार्टी नेता, प्रम, मन्त्री र सांसदहरू भने सडक, संसद् र सरकारमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको डङ्का पिट्थे ।


# नेपाल रेडक्रस सोसाइटी

भक्तपुर जिल्ला शाखा

## लिलामीसम्बन्धी सूचना

प्रकाशित मिति : २०८३ असार १३ गते

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को स्वामित्वमा रहेका पुराना ३ (तीन) वटा दुईपाङग्रे सवारी साधनहरू र २ (दुई) वटा चारपाङग्रे सवारी साधनहरू जे जस्तो अवस्थामा छ सोही अवस्थाको लिलाम प्रक्रियाबाट बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरूबाट सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**सर्त तथा बन्देजहरू:**

१) सूचना प्रकाशित भएको मितिले ७ औं दिन अर्थात् २०८३ असार १९ गते शुक्रबार दिनको १:३० बजेभित्र लिलाम बढाबढको निवेदन साथ रू २०००/- पछि फिर्ता नहुने गरी नेरेसो भक्तपुर जिल्ला शाखाको कार्यालयमा बुझाई विस्तृत विवरणसहितको बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ ।

२) लिलाम बराबरको बोलपत्र पेस गर्दा बोलपत्र साथ नवीकरणसहितको कम्पनी रजिस्टारको कार्यालय/वाणिज्य विभागमा फर्म दर्ता भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व. २०८२/८३ साल सम्मको कर तिरेको प्रमाणपत्रको प्रतिलिपिहरू र व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र, सवारी अनुमतिको प्रमाणपत्रको प्रतिलिपि तथा स्थायी लेखा नम्बर (प्यान नम्बर) अनिवार्य रूपमा पेस गर्नुपर्ने साथै उक्त कागजातहरू पेस नगरेको पाइएमा बोलपत्र मूल्याङ्कनमा समावेश गरिने छैन ।

३) बोलपत्र साथ आफूले कबुल गरेको जम्मा रकमको २.५ प्रतिशत घरौटी रकम यस सोसाइटीको कुमारी बैङ्क लिमिटेडको खाताको नाम: **नेपाल रेडक्रस सोसाइटी, खाता नं. २४८०२४७३३३९००००१** मा नगद जम्मा गरेको सक्कल बैङ्क भौचर वा नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखामा जम्मा गरेको रसिद संलग्न गर्नुपर्नेछ । सक्कल नगद रसिद वा सक्कल बैङ्क भौचर संलग्न नगरेको पाइएमा बोलपत्र मूल्याङ्कनमा योग्य ठहर हुने छैन ।

४) बोलपत्र फाराममा उल्लिखित विवरणहरू प्रस्टसँग भरी सम्बन्धित फर्म/व्यक्तिको सहीछाप र खाम बाहिर सम्बन्धित फर्म/व्यक्तिको नाम, ठेगाना र छाप प्रस्ट हुने गरी सूचना प्रकाशित भएको मितिले ७ औं दिन मिति २०८३ असार १९ गते दिनको ४ बजेभित्र सिलबन्दी बोलपत्र पेस गरिसक्नुपर्नेछ । उक्त दिन बिदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिनमा पेस गर्न सकिनेछ । म्याद नाघी आएको र रित नपुगेको तथा मिलेमतोमा आएको बोलपत्रहरू उपर कुनै कार्यवाही गरिने छैन ।

५) म्यादभित्र प्राप्त बोलपत्रहरू ८ औं दिन अर्थात् २०८३ असार २० गते दिनको १:३० बजे नरेसोको भक्तपुर जिल्ला शाखामा बोलपत्रदाता तथा नेरेसोका प्रतिनिधिहरूको उपस्थितिमा खोलिनेछ । तर प्रतिनिधिहरू १:०० बजे उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । यदि उक्त दिन बिदा परेमा अर्को कार्यालय सञ्चालनका दिन बोलपत्र खोलिनेछ ।

प्राप्त सिलबन्दी बोलपत्र पूर्ण, आंशिक वा प्याकेजका आधारमा समेत स्वीकृत/अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखामा सुरक्षित रहनेछ र लिलाम गर्न राखिएको गाडीहरू तथा दुईपाङग्रे सवारी साधनहरू कार्यालय समयभित्र अवलोकन गर्न सकिनेछ ।

**नेपाल रेडक्रस सोसाइटी**
भक्तपुर जिल्ला शाखा, सम्पर्क नं.: ०१-६६१९६६१

# खासाङखुसुङ खोला सफाइ अभियान चासो, बुझाइ र वास्तविकता

विगत केही दिनहरूमा विभिन्न सामाजिक सञ्जालहरूमा खासाङखुसुङ खोला सफाइ गर्ने क्रममा रुखहरू कटान गरिएको विषयलाई लिएर आदरणीय नगरवासी साथीहरूले निकै चासो र चिन्ता व्यक्त गरेका छन् । वातावरण संरक्षणप्रति देखाएको यो सजगता, उच्च चेतना र गहिरो प्रेम प्रशंसनीय छ । खोला क्षेत्रको प्राकृतिक सौन्दर्य जोगिनुपर्छ भन्ने पवित्र उद्देश्यलाई सम्मान गर्दै, यसै विषयमा आम नागरिकमा परेको केही फरक बुझाइ र अन्योललाई स्पष्ट पार्नु हामीले आफ्नो कर्तव्य ठानेका छौँ ।

विगत लामो समयदेखि खासाङखुसुङ खोला साँघुरिँदै गएको र खोलाको बिचमै ठुला रुखहरू रहेको कारण प्राकृतिक बहाव पूर्ण रूपमा अवरुद्ध हुँदै आएको थियो । बर्खायाममा पानीको बहाव थुनिएर बाढी आसपासका खेतबारी र धानबालीमा पस्दा बर्सेनि ठुलो क्षति हुने गरेको यहाँहरू सबैलाई विदितै छ । अझ विगत एक-दुई वर्षअगाडि सल्लाघारी क्षेत्रका बस्तीहरूमा घरको एक तलासम्म डुब्ने गरी आएको विनाशकारी बाढी र त्यसले निम्त्याएको धनजनको क्षति हामी कसैले बिर्सेका छैनौँ । खोलामा थुप्रिएको फोहोर र झाडीका कारण दुर्गन्ध फैलिएर बाटोमा हिँड्नै नसक्ने अवस्था सिर्जना भएको थियो ।

स्वास्थ्यको दृष्टिकोणले बिरामी भएर उपचार गर्न धाउनुभन्दा बिरामी हुनु अगावै सचेत हुनु धेरै बुद्धिमानी हो । खोला सफा र व्यवस्थित भएमा मात्र हाम्रो वातावरण स्वस्थ रहन्छ, रोगव्याधि फैलिन पाउँदैन र बाढीको प्रकोप रोकिएर नागरिकको अमूल्य धनजनको रक्षा हुन्छ ।

यही गम्भीर अवस्था र आसन्न जोखिमलाई मध्यनजर गर्दै स्थानीयहरूको सक्रियतामा - 'खोला सफाइ उपभोक्ता समिति' गठन गरी यो सफाइ कार्य अगाडि बढाइएको हो । यस अभियानको क्रममा समितिले जथाभावी सबै रुखहरू काटेको होइन । खोलाको बिचमा परेर पानीको बहावलाई थुन्ने र बाढीलाई बस्तीतर्फ सोझ्याउने अति आवश्यक एकाध रुखहरू आपसी सरसल्लाहमा हटाइएका हुन् । यस सफाइ अभियान सञ्चालन गर्दा स्थानीय बासिन्दा तथा आवतजावत गर्ने सर्वसाधारणमा पर्न गएको केही व्यावहारिक असुविधाप्रति समिति क्षमाप्रार्थी छ ।

खोला किनारका व्यक्तिगत जग्गामा रहेका कतिपय रुखहरू स्थानीय जग्गाधनीहरू आफैँले "यो हाम्रो आफ्नै निजी रुख हो" भन्दै आ-आफ्नो आवश्यकताअनुसार काटेका हुन् । उपभोक्ता समितिले खोलाको बहाव खोल्न काटेका एकाध रुख र स्थानीय जग्गाधनीहरूले आफ्नो हकदाबी भन्दै आफैँ काटेका रुखहरूका कारण अहिले पहिलेको तुलनामा खोला क्षेत्र केही बढी खुला र सफा देखिएको स्वाभाविक हो । यसै खुलापनलाई लिएर धेरै रुख काटियो कि भन्ने महसुस हुनु स्वाभाविक भए पनि वास्तविक परिस्थिति यही नै हो ।

विशेष गरी पिपलजस्ता रुखहरू प्राकृतिक रूपमै कमजोर र जरा खुकुलो हुने प्रकृतिका हुन्छन् । कुन बेला सामान्य हावाहुरीमा पनि ती रुखहरू ढल्छन्, त्यसको कुनै ठेगान हुँदैन । भोलि बाटोमा हिँडिरहेका सर्वसाधारण वा स्थानीय नागरिकमाथि त्यस्ता कमजोर रुख ढलेर मानवीय क्षति हुनुभन्दा अगावै पूर्वसावधानी अपनाउनु र नागरिकको ज्यान जोगाउनु समितिको प्राथमिक दायित्व हो ।

यसै क्रममा, खोलाको बहाव खोल्नका लागि अप्ठ्यारो परेर ढालिएका वा काटिएका रुखहरू सम्बन्धित जग्गाधनी महानुभावहरूले आफ्नै सम्झिएर आ-आफ्नो अनुकूलताअनुसार समयमै व्यवस्थापन गरिदिनुहुन र सङ्कलन गरेर लैजानुहुन समिति हार्दिक अनुरोध गर्दछ ।

यो पवित्र सामुदायिक कार्यको वास्तविक मर्मलाई बुझिदिनुहुन हामी सबैमा अपिल गर्दछौँ । स्थानीय उपभोक्ताहरूकै प्रत्यक्ष रेखदेख र सर्वपक्षीय हितका लागि गरिएको यो सफाइ अभियानमा आगामी दिनमा पनि यहाँहरूको सकारात्मक सहयोग, रचनात्मक सुझाव र समन्वयको सदैव अपेक्षा गर्दछौँ ।

***खोला सफाइ उपभोक्ता समिति***
***खाससाङखुसुङ खोला क्षेत्र,***
***सल्लाघारी***

# अर्थमन्त्रीको गलत दृष्टिकोण

सञ्चारमाध्यमहरूमा रास्वपाका अर्थमन्त्रीले 'दोहोरो तर्क' गऱ्यो भन्ने चर्चा छापामा आयो । आफू मन्त्री नहुँदा वाग्लेले ऋणको बोझले पिर लिनुपर्ने हो, तर अर्थमन्त्रीलाई कसरी निन्द्रा लाग्यो भन्ने खालको टिप्पणी भयो । यसको अर्थ हो- विदेशी ऋण लिनु हुन्न भन्ने अर्थ लाग्छ ।

तर, आफू मन्त्री भएपछि वाग्लेले भने- "ऋण लिँदैमा जहाजै डुब्ने र आकाशै खस्ने होइन । ऋण हाम्रो बाध्यात्मक अवस्था हो । ३० खर्ब रुपियाँ ऋण त बोकेरै हिँड्या छ । आन्तरिक ऋण उठाउन थालेको सन् १९६२ देखि हो; सन् १९६३ देखि सोभियत सङ्घ र बेलायतबाट पहिलो विदेशी ऋण लिएको जस्तो लाग्छ ।"

नेपाली पाठकहरू स्वाभाविक रूपले कुनै विषयको मन्त्री हुँदा त्यस विषयका ज्ञाता र जानकार सम्झन्छन् । तर, वास्तविकता नेपालमा उल्टो हुँदै आएको छ । एक जना शिक्षामन्त्रीलाई बधाई दिँदै सांसदहरूले सोधेका थिए, "अब तपाईं शिक्षा व्यवस्था नयाँ लागू गर्नुहुन्छ कि शिक्षा प्रणालीमै परिवर्तन ल्याउनुहुन्छ वा पाठ्यपुस्तक र पाठ्यक्रममा मात्रै परिवर्तन ल्याउनुहुन्छ ?" मन्त्रीले उत्तर दिए, "शिक्षाबारे मलाई थाहै छैन ।"

"त्यसो भए तपाईं किन मन्त्री हुनुभयो ?" भन्ने प्रश्नमा मन्त्रीले साँचो उत्तर दिए - "शिक्षा मन्त्रीको भाग हाम्रो पार्टीलाई पऱ्यो र पार्टीले मलाई मन्त्री बन्न पठायो र म मन्त्री भएँ ।"

नेपालका अर्थमन्त्रीहरू नेपालको अर्थतन्त्रबारे जानकार हुन्छन् भन्ने होइन । मन्त्री वाग्लेले ऋणको बोझ सोभियत सङ्घमा बिसायो - जुन कुरो पटक्कै पत्यार नलाग्ने हो किनभने सोभियत सङ्घले ऋण दिनुभन्दा धेरै कलकारखानाहरू दिएको थियो । जहाँसम्म बेलायतको कुरो छ - नेपाल २००७ सालपछि पनि भारत र बेलायतको अर्ध-उपनिवेश र नव-उपनिवेश थियो ।

वाग्लेलाई योजना आयोगको सदस्य भएको हुनाले पाठकहरूलाई वाग्ले साँच्चै अर्थशास्त्री हुन् कि भने भ्रम हुनु अस्वाभाविक होइन तर उनी योजना आयोगको सदस्य भएकोमा सम्भवत: नेपाली काङ्ग्रेसका जिल्ला पार्टीले जिल्लाका एक युवालाई योजना आयोगको सदस्य बनाउन सिफारिस गरेको हो भने त्यसमा के आश्चर्य भयो ?

अर्थमन्त्रीले समितिको बैठकमा ऋण नलिए देशै ठप्प हुने बताएका थिए ।

बरु, वर्तमान सरकारको निर्माणमा संरा अमेरिका र भारतले पनि मद्दत गरेको व्यापक चर्चा चल्दै छ । त्यसैले, नयाँ अर्थमन्त्री खर्बौं डलर ऋण लिएर ब्याज मात्रै तिर्नु भनेको त सहयोगको पैँचो तिरेको मानेको होला !

# आँधीले जापानमा उडान प्रभावित

टोकियो, २६ जून (एएफपी) । दुई शक्तिशाली उष्णकटिबन्धीय आँधी जापानतर्फ अघि बढेसँगै देशका विभिन्न क्षेत्रमा भारी वर्षा, बाढी र पहिरोको जोखिम बढेको छ । प्रतिकूल मौसमका कारण जापानका प्रमुख वायुसेवा कम्पनीहरूले १२० वटा उडान रद्द गरेका छन् भने हजारौँ बासिन्दालाई सुरक्षित स्थानमा जान आग्रह गरिएको छ ।

जापानको मौसम निकायका अनुसार गम्भीर उष्णकटिबन्धीय आँधी मेखालालाई टाइफुनको स्तरबाट कमजोर बनाइएको भए पनि यसले प्रतिघण्टा १४४ किलोमिटरसम्मको वेगमा हावा बहाइरहेको छ । दक्षिणी र पश्चिमी जापानका धेरै क्षेत्रमा भारी वर्षा भइसकेको छ ।

पूर्वानुमानअनुसार मेखाला सप्ताहन्तमा क्युसु र शिकोकु टापुतर्फ सर्ने सम्भावना छ । प्रशान्त महासागरमा सक्रिय अर्को उष्णकटिबन्धीय आँधी हिगोससँग यसको प्रभाव जोडिन सक्ने मौसमविद्हरूले बताएका छन् ।

दुई आँधीबिचको सम्भावित अन्तरक्रियाले 'फुजिहारा प्रभाव' उत्पन्न गर्न सक्ने चेतावनी दिइएको छ । यस्तो अवस्थामा आँधीहरूको दिशा, गति र तीव्रताको पूर्वानुमान गर्न कठिन हुने मौसमविद्हरूले जनाएका छन् ।

प्रतिकूल मौसमका कारण जापान एयरलाइन्स र अल निप्पोन एयरवेजले ओकिनावा र कागोसिमा क्षेत्रमा आउने तथा जाने गरी १२० वटा उडान रद्द गरेका छन् । यसले हजारौँ यात्रु प्रभावित भएका छन् ।

क्योटो क्षेत्रमा सम्भावित पहिरोको जोखिम बढेपछि हजारौँ बासिन्दालाई सुरक्षित स्थानमा जान सल्लाह दिइएको छ । सार्वजनिक प्रसारक एनएचकेले प्रसारण गरेको दृश्यमा यस क्षेत्रका नदीहरूमा धमिलो र तीव्र बहाव देखिएको छ ।

क्योटो र ओसाकाका अधिकारीहरूले नदीमा पानीको सतह बढ्दै गएको तथा बाढीको जोखिम उच्च रहेकाले सतर्क रहन आग्रह गरेका छन् ।

भारी वर्षाका कारण सडक अवरुद्ध भएपछि टोयोटाले क्युसुस्थित आफ्नो कारखानाको उत्पादन अस्थायी रूपमा रोकेको छ । निसानले पनि केही उत्पादन लाइन बन्द गर्ने तयारी गरेको जापानी सञ्चारमाध्यमहरूले जनाएका छन् ।

जापानी सेनाले मियाको टापुमा भि-२२ ओस्प्रे यातायात विमानको निर्धारित पहिलो उडान पनि स्थगित गरेको छ । उक्त उडान अमेरिका-जापान संयुक्त सैन्य अभ्यासको हिस्सा थियो ।

यसैबिच ताइवानमा पनि आँधीको प्रभाव देखिएको छ । मेखालाका कारण परेको मुसलधारे वर्षा, बाढी र पहिरोको जोखिमपछि एक हजार ६०० भन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । धेरै क्षेत्रमा विद्यालय र सरकारी कार्यालय बन्द गरिएका छन् ।

अहिलेसम्म कुनै मानवीय क्षतिको पुष्टि भएको छैन । तर, अधिकारीहरूले पूर्वी ह्वालिएन तथा दक्षिणी काओसिउङ र पिङटुङ क्षेत्रमा पहिरो र माटो बग्ने जोखिम उच्च रहेको चेतावनी दिएका छन् । मौसम निकायका अनुसार बिहीबारयता केही क्षेत्रमा ८८ सेन्टिमिटरसम्म वर्षा रेकर्ड गरिएको छ ।

ह्वालिएनको दुर्गम क्षेत्रमा हालै बनेको अवरोध तालका कारण तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने धेरै परिवारलाई घर छोड्न आग्रह गरिएको छ । प्रतिकूल मौसमका कारण ताइवानका केही रेल सेवा पनि अस्थायी रूपमा स्थगित गरिएका छन् ।

***जुनसुकै...***

वर्तमान सरकारको शिक्षाप्रतिको दृष्टिकोण प्रस्ट हुन्छ ।"

शिक्षाको सबैभन्दा तल्लो जग पूर्व प्रावितहका शिक्षकलाई अन्य देशमा विशेष सबैभन्दा महत्त्व दिए पनि यहाँ सबभन्दा उपेक्षित रहेकोमा सरकारको ध्यान नपुगेको बताउनुभयो ।

कार्यक्रममा आयोजक शारदा मा.वि.का प्रअ रोशनराज तुइतुईको सभापतित्वमा भएको उक्त कार्यक्रममा सरस्वती विद्यागृह मा.वि.का प्रअ गनुराज राई र दोलागिरी मा.वि.का प्रअ शिवबहादुर खुलिमुलिले विद्यार्थीहरूलाई सजिलो बाटोभन्दा पनि कठिन बाटो रोजे भविष्य उज्ज्वल हुने सुझाव दिनुभयो । कार्यक्रममा स्वागत मन्तव्य शारदा मा.वि.का शिक्षक मैया लागेजुले राख्नुभएको थियो ।

कार्यक्रममा ३.६ भन्दा बढी जीपीए ल्याउने ७३ जना विद्यार्थी तथा ४ जीपीए ल्याउने वागीश्वरी मा.वि.की सविता श्रेष्ठ र शतप्रतिशत विद्यार्थी उत्तीर्ण गर्न सफल भुवनेश्वरी मा.वि.लाई विशेष सम्मान गरिएको थियो ।

***भक्तपुर....***

विनियोजन गर्नुको सट्टा ख्वप अस्पताललाई थप सुविधासम्पन्न बनाउन आवश्यक बजेट व्यवस्था गर्नुपर्नेलगायतका धारणा व्यक्त गर्नुभयो ।

त्यस्तै, सभाको विशेष समयमा सभासद्हरू रामसुन्दर बासी, जितेन्द्र मुनंकर्मी, रीता फसिकव, सीतादेवी नेपाली, कल्पना शिल्पकार, सुमित्रा बोहजु, विष्णुकेशरी दुवाल, मन्जुमैंया लाखा, कृष्णनारायण दुमरु, सिद्धिराम अवाल, ज्ञानबहादुर मानन्धर, इन्द्रबहादुर प्याठ, कृष्णलाल किसी, हरिरत्न गोर्खाली, सूर्यप्रसाद श्रेष्ठ, कृष्णसुन्दर प्रजापति, श्यामसुन्दर मातां र गोविन्द दुवालले स्थानीय समस्याहरू र समसामयिक विषयहरूमा आ-आफ्नो धारणा राख्नुभयो ।

सभामा विधायन समितिका संयोजक हरिराम सुवालले भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५ मा तेस्रो संशोधन विधेयक छलफलको लागि प्रस्तुत गर्नुभएको थियो ।

नगरसभाको अर्को बैठक २०८३ साल असार १२ गते सोमबार दिनको १ बजे बस्ने गरी स्थगित भयो ।

***प्रजग....***

छ । उहाँले दक्षिण कोरियालाई आफ्नो देशको प्रमुख शत्रुका रूपमा चित्रण गर्दै सीमावर्ती क्षेत्रमा थप सैन्य संरचना निर्माणलाई पनि निरन्तरता दिनुभएको छ ।

पछिल्ला वर्षहरूमा नेता किमले युक्रेन युद्धमा रुसलाई समर्थन गर्दै मस्कोसँग सम्बन्ध विस्तार गर्नुभएको छ । यसै महिनाको प्रारम्भमा चिनियाँ राष्ट्रपति सी चिनफिङले सात वर्षपछि पहिलोपटक उत्तर कोरियाको भ्रमण गर्दै किमसँग भेटवार्ता गर्नुभएको थियो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
## ख्वप अस्पताल
KHWOPA HOSPITAL
च्याम्हासिंह, भक्तपुर ९

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८३ असार १३**

यस अस्पतालको लागि आवश्यक तपसिलका मालसामानहरू तथा उपकरणहरू खरिद गर्न मिति २०८२ चैत १५ गते EGP System मार्फत खरिद गर्न बोलपत्रसम्बन्धी प्रकाशित सूचनाबमोजिम प्राप्त विद्युतीय बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रहरू सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | मेसिन/उपकरणको नाम | IFB No. | छनोट भएको बोलपत्रदाताको नाम/ठेगाना | छनोट भएको बोलपत्रदाताको कबोल रकम भ्याटसहित | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अङ्कमा | अक्षरमा | |
| १. | Procurement of Patient Transfer Trolley | KH/GOODS/NCB/ 082/83/01 | Biomed International Pvt. Ltd., Gairidhara, Kathmandu | ३१,७८,१२५ | अक्षरेपी एकतीस लाख अठत्तर हजार एक सय पचीस मात्र | |
| २. | Procurement of Patient Monitor | KH/GOODS/NCB/ 082/83/02 | General Medical Suppliers, Jawalakhel, Lalitpur | २४,६७,६९४ | अक्षरेपी चौबीस लाख सतसठ्ठि हजार छ सय चौरानब्बे मात्र | |
| ३. | Procurement of Surgical Microscope | KH/GOODS/NCB/ 082/83/03 | Biomed International Pvt. Ltd., Gairidhara, Kathmandu | ४२,९२,८७० | अक्षरेपी बयालीस लाख बयानब्बे हजार आठ सय सत्तरी मात्र | |
| ४. | Procurement of Urology Instruments | KH/GOODS/NCB/ 082/83/04 | Mediequips Nepal Pvt. Ltd., Jhonchhe, Kathmandu | १८,०२,९७७।१५ | अक्षरेपी अठार लाख दुई हजार नौ सय सतत्तर रूपैया पन्ध्र पैसा मात्र | |
| ५. | Supply, Installation and Commissioning of SNCU Setup Equipments | KH/GOODS/NCB/ 082/83/05 | Biomed International Pvt. Ltd., Gairidhara, Kathmandu | ६४,२३,३१५।५ | अक्षरेपी चौंसठ्ठि लाख तेइस हजार तीन सय पन्ध्र रूपैया पचास पैसा मात्र | |

**विस्तृत जानकारीको लागि फोन: ०१-६६१०३१७**

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा